# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १७४ | काठमाडौँ | सोमबार, ०३ कात्तिक २०८२ | Prabhab National Daily | Monday, 20 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो**

जुवातास खेले वा खेलाएमा,
मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्रि् जफत हुनेलगायतका कानूनी व्यवस्था छ।

त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**




तिहारको पहिलो दिन आइतबार काग तिहारमा ताप्लेजुङको सदरमुकाम फुङ्लिङ बजारमा देउसीभैलो खेल्दै स्थानीय । *तस्बिरः रासस*

स्वास्थ्य सेवा विभागमा भ्रष्टाचार

# पूर्वसचिव मिश्रासहित १४ जनाविरुद्ध मुद्दा

- तत्कालीन स्वास्थ्य सेवा विभागकी महानिर्देशक एवं पूर्वसचिव डा. संगीता कौशल मिश्रासहित १४ जनाविरूद्ध भ्रष्टाचार मुद्दा
- मिलेमतोमा झण्डै दोब्बर बढी लागतमा थ्रिडी म्यामोग्राफी खरिद गरेको अख्तियारको दाबी
- प्रतिवादीहरूविरूद्ध जनही १४ करोड छ लाख ८५ हजार रूपैयाँ बिगो कायम
- केही साताअघिमात्रै स्वास्थ्यमन्त्री बन्ने भन्दै चर्चामा आएकी मिश्राले मन्त्री बन्नकै लागि स्वास्थ्य मन्त्रालयको अतिरिक्त सचिव पदबाट राजीनामा दिएकी थिइन्

■ **जेबी योञ्जन**

**काठमाडौं–** राज्यसत्ता परिवर्तन गरेको जेन-जी आन्दोलनपछि स्वास्थ्यमन्त्री बन्ने चर्चामा आएकी पूर्वसचिव डा. संगीता कौशल मिश्रासहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । स्वास्थ्य सेवा विभागका महानिर्देशक छँदा थ्रिडी म्यामोग्राफी खरिदमा दोब्बर बढी भुक्तानी गरेर भ्रष्टाचार गरेको मिश्रासमेतलाई आरोप लागेको छ ।

केही साताअघिमात्रै स्वास्थ्यमन्त्री बन्ने भन्दै चर्चामा आएकी उनले मन्त्री बन्नकै लागि स्वास्थ्य मन्त्रालयको अतिरिक्त सचिव पदबाट राजीनामा दिएकी थिइन् । तर, यही प्रकरणमा अख्तियारले छानबिन गरिरहेको कुरा बाहिरिएपछि उनी मन्त्री बन्न पाइनन् ।

आइतबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले खरिद प्रक्रियामा संलग्न मिश्रासँगै विभागीय कर्मचारी र आपूर्तिकर्ताविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार प्रतिवादीहरूविरुद्ध जनही १४ करोड छ लाख ८५ हजार रूपैयाँ बिगो कायम गरिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा




## भ्रष्टाचार गरेको छैन : डा. मिश्रा

भ्रष्टाचार आरोपी स्वास्थ्य सेवा विभागकी तत्कालीन महानिर्देशक डा. संगीता कौशल मिश्राले थ्रिडी मेमोग्राफी मेसिनमा वारेन्टीले लागत बढेको दाबी गरेकी छन् । मेमोग्राफीको वारेन्टी पाँच वर्ष रहेको र त्यसो हुँदा लागत मूल्य बढेको मिश्राको जिकिर छ ।

उनले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बयान दिने क्रममा दुई वर्षको वार्षिक मर्मतसम्भार सम्झौता (एएमसी) र तीन वर्षको विस्तृत मर्मतसम्भार सम्झौता (सिएमसी) भएकाले पनि उपकरणको लागत बढी परेको प्रस्ट पारेकी छन् । उनले उपकरण जडान, तालिम र सफ्टवेयर पनि जोडिँदा पनि लागत मूल्य बढेको दाबी गरिन् । भुक्तानी पनि प्रक्रियाबद्ध ढंगले भएको उल्लेख गरिन् । 'त्यो फाइलमा फेरि कानुन र आर्थिक प्रशासन शाखाको राय लिएपछि भुक्तानीको प्रक्रिया अगाडि बढाइएको हो,' उनले भनिन् ।

उनले बयानमा भनेकी छन्, 'महानिर्देशकको पदीय दायित्वअनुसार प्रचलित कानुन स्वास्थ्य मन्त्रालयको नीति तथा कार्यक्रम र सार्वजनिक खरिद तथा नियमावलीको अधीनमा रही आफ्नो जिम्मेवारी वहन गरेको छ ।' तत्कालीन महानिर्देशक मिश्राले बयानमा आफू भ्रष्टाचारमा संलग्न नभएको जिकिर गरेकी छन् ।


**शुभ दीपावली, नेपाल सम्वत् र छठ** पर्वको अवसरमा आम पाठक, लेखक, स्तम्भकार, विज्ञापनदाता, शुभेच्छुक एवं देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**प्रभाव दैनिक**


**प्रकाशन स्थगन हुनेबारे जानकारी**

शुभ दीपावलीको बिदाका कारण हाम्रो प्रकाशन भोलि २०८२ कात्तिक ०४ देखि ०८ गतेसम्म स्थगन हुने छ । कात्तिक ०९ गतेदेखि हामी नियमित प्रकाशनमा आउने जानकारी गराउँदछौं ।

**प्रभाव पब्लिकेसन प्रा. लि.**

# लुटिएका हतियारको त्रास

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अन्तरिम सरकारले पाएको म्याण्डेट हो, फागुन २१ गते निर्वाचन गर्नु । आइतबार बिहानै प्रधानमन्त्री सुशीला कार्कीले सरकार निर्वाचन सम्पन्न गर्ने लक्ष्यका साथ अघि बढेको बताइन् ।

प्रधानमन्त्री कार्कीले यसका लागि सबै नागरिकलाई मतदाता नामावलीमा दर्ता हुनसमेत आग्रह गरिन् । 'सरकारले आउँदो २०८२ साल फाल्गुन २१ गते संसदीय निर्वाचन सम्पन्न गर्ने लक्ष्यका साथ तयारी अघि बढाइरहेको छ । यस सन्दर्भमा, म सबै नागरिकसँग आग्रह गर्न चाहन्छु कि आफ्नो मताधिकार सुनिश्चित गर्न पहिले मतदाता नामावलीमा दर्ता हुनुहोस्,' प्रधानमन्त्री कार्कीले भनिन् ।

दलहरूले भने जेन-जी आन्दोलनका क्रममा लुटिएका हतियार नियन्त्रणमा नआएसम्म चुनावी वातावरण नबन्ने धारणा राख्दै आएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले ती हतियार सरकारको नियन्त्रणमा नआएसम्म निर्वाचनको वातावरण नबन्ने तर्क अघि सार्दै आएका छन् । 'प्रहरीको बर्दीमा अपराधीहरू बन्दुक बोकेर आउने भए । सम्पूर्ण हतियार र अपराधीहरू नियन्त्रणमा लिनुपरेन सरकारले ?,' शनिबार पार्टी कार्यालय च्यासल पुगेर ओलीले भनेका थिए ।

यस्तो अवस्थामा निर्वाचन हुने अवस्था नै नरहेको उनले दाबी गर्दै आएका छन् । आइतबार पनि ओलीले अन्तरिम सरकारले निर्वाचन नगर्ने दाबी गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

> लुटिएका हतियारहरु कुनै संगठित गिरोहको हातमा पुगेको छैन र पुग्दैन भन्ने नै छ । उनीहरु असंगठितरूपमा लुकिछिपी बसेका छन् । ती भागेका कैदी बन्दीहरु र हतियारलाई राजनीतिक दलले प्रयोग गर्ने वा सहयोग लिने छैनौं भनेर स्वघोषणा गर्नुपर्‍यो ।
>
> ■ **ओमप्रकाश अर्याल**
> गृहमन्त्री, नेपाल सरकार

> आक्रमण, आगजनी, तोडफोड र लुटपाटको बलमा आफैं मन्त्री हुने । भागेका कैदीबन्दी, लुटिएका हतियार र प्रहरीका बर्दी अहिले नखोज भन्ने अनि चुनावमा प्रयोग नगर्ने प्रतिबद्धताचाहिँ दलहरुले गरिदिनुपर्ने ?
>
> ■ **मीन विश्वकर्मा**
> प्रचार विभाग प्रमुख
> नेपाली कांग्रेस

**सन्दर्भः वैदेशिक रोजगार**

# साउदीले हटायो ५० वर्ष पुरानो कफला प्रणाली

## एक करोड ३० लाख कामदारले राहत पाउने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** साउदी अरेबियाले आधिकारिकरूपमा ५० वर्ष पुरानो कफला प्रणालीलाई हटाएको छ । करोडौं कामदारलाई नियन्त्रणमा राखेको उक्त प्रणालीलाई संविदात्मक रोजगार मोडेलले प्रतिस्थापन गरेको साउदी प्रेस एजेन्सीले जनाएको छ ।

यो प्रणालीको अन्त्य सन् २०२५ जुन महिनामा घोषणा गरिएको थियो र यसै वर्षमा कार्यान्वयन गरिएको छ । यसबाट विदेशी कामदारहरूलाई बढी स्वतन्त्रता, कानुनी अधिकार र सुधारिएको स्थितिको उपभोग प्रदान गर्ने जनाइएको छ ।



### कफला प्रणालीको उत्पत्ति

कफला प्रणालीको अर्थ 'स्पोन्सरसीप' अर्थात् प्रायोजन हो । १९५० को दशकमा सुरु गरिएको यो प्रणालीले विशेषगरी दक्षिण र दक्षिणपूर्वी एसियाबाट आएका आप्रवासी कामदारहरूको आवास र रोजगार स्थितिमाथि व्यापक नियन्त्रण गर्ने अधिकार मालिकहरूलाई प्रदान गर्थ्यो ।

यो प्रणाली खासमा गल्फ कोअपरेसन काउन्सिल (जिसिसी) का देशहरूमा विदेशी श्रमिकहरूको नियमन गर्न लागू गरिएको थियो । जसमा साउदी अरेबियालगायत देशहरू पर्छन् । यसअन्तर्गत कुनै पनि आप्रवासी कामदारको बसोबास र रोजगार अधिकारहरू केवल प्रायोजक वा नियोक्तामा निर्भर हुन्छ ।

यस संयन्त्रको उद्देश्य राज्य प्रशासनिक जिम्मेवारीहरू निजी व्यक्ति वा कम्पनीहरूमा सुम्पेर भिसा र बसोबास व्यवस्थापनलाई सरल बनाउनु थियो । यद्यपि, समयक्रममा शक्ति असन्तुलित भएर श्रमिकका अधिकार कुण्ठित गर्न थालिएको थियो । रोजगारदाताहरूले श्रमिकमाथि पूर्ण नियन्त्रण राखेर रोजगार परिवर्तन गर्न, देश छोड्न र कानुनी उपाय अपनाउनबाट वञ्चित गर्दै आएका थिए । मानवअधिकार संगठनहरूले यस प्रणालीको व्यापकरूपमा आलोचना गर्दै आधुनिक समयको दासत्वको संज्ञा दिँदै आएका थिए ।

### प्रमुख परिवर्तनहरु

संविदात्मक रोजगार मोडेल आधुनिक श्रम मापदण्डसँग मेल खाने भनिएको छ । सरकारले घोषणा गरेअनुसार आप्रवासी कामदारले अब कुनै अनुमोदनविना नियोक्ता (स्पोन्सर) परिवर्तन गर्न, देश छाड्न र कानुनी सुरक्षामा पहुँच राख्न सक्छन् । यो सुधारलाई साउदीको 'भिजन-२०३० ' को रणनीतिक हिस्सा भनिएको छ । अब रोजगार सम्झौताहरू डिजिटल किवा प्लेटफर्ममार्फत व्यवस्थापन गरिने जनाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# पोर्चुगलमा एक नेपाली युवा बेपत्ता

- विगत दुई वर्षदेखि पोर्चुगल बस्दै आएका ३४ वर्षीय जितेन्द्र पाण्डे बेपत्ता
- गत साता सोमबारदेखि राजधानी लिस्बन नजिकैको सिन्ट्रा क्षेत्रबाट सम्पर्कविहीन भई बेपत्ता भएको जानकारी
- खोजबिनका लागि स्थानीय प्रहरी प्रशासनलाई खबर गरिएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलको भनाइ



**लिस्बन (पोर्चुगल)–** वैदेशिक रोजगारीका सिलसिलामा पोर्चुगल आएका एक नेपाली युवा बेपत्ता भएका छन् । तनहुँ, भानु नगरपालिका-९ पिपलपानी घर भई विगत दुई वर्षदेखि पोर्चुगल बस्दै आएका ३४ वर्षीय जितेन्द्र पाण्डे बेपत्ता भएका हुन् ।

उनी गत साता सोमबारदेखि राजधानी लिस्बन नजिकैको सिन्ट्रा क्षेत्रबाट सम्पर्कविहीन भई बेपत्ता भएको पाण्डेका साथी विदुर तामाङले जानकारी दिए । गत आइतबार राति तामाङको घरमा आएका पाण्डे साथीको फोन आयो भनेर गएका थिए । त्यसपछि उनी सम्पर्कविहीन भएको तामाङले बताए ।

सँगै काम गर्ने साथीलाई आफ्ना लागि पनि खाना लगिदिन भनेका पाण्डे सोमबार काममै नगएपछि उनको खोजी गरिएको थियो । 'पाण्डे सम्पर्कविहीन भएपछि नेपालस्थित परिवारलाई सम्पर्क गरेका थियौं, त्यहाँबाट पाण्डेले बिहान आफन्तलाई फोन गरेर केही दिन सम्पर्कमा हुन्न भनेको खबर प्राप्त भयो, अहिले उहाँको कसैसँग पनि सम्पर्क छैन,' तामाङले भने । पाण्डेको खोजीका लागि रोजगारदातामार्फत मंगलबार नै स्थानीय प्रहरीलाई खबर गरिएको उनले बताए ।

बेपत्ता भएका पाण्डेको रेसिडेन्सी कार्ड, बैंक कार्ड र राहदानीका साथै सबै सामान उनी बस्ने कोठामै भेटिएको छ । पाण्डेको नेपालमा वृद्ध बुबाआमा र दिदीबहिनी छन् ।

पाण्डे बेपत्ता भएको खबर दूतावासलाई प्राप्त हुनासाथ तत्काल खोजबिनका लागि स्थानीय प्रहरी प्रशासनलाई खबर गरिएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले जानकारी दिए । उनको खोजीका लागि दूतावासले सक्दो पहल गरिरहेको राजदूत पौडेलले बताए । क्रोएसियाहुँदै दुई वर्षअघि पोर्चुगल आएका पाण्डे सिन्ट्रास्थित एक प्याकिङ कम्पनीमा कार्यरत थिए । *रासस*

# लहानमा रोकिएको 'ओभरपास' निर्माण सुरु

**सिरहा (प्रस)–** पूर्वपश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर-कमला सडक विस्तारका क्रममा लहानमा तीन महिनादेखि रोकिएको 'ओभरपास' निर्माण पुनः सुरु गरिएको छ ।

गत असारको अन्तिम सातादेखि रोकिएको ओभरपास काम असोज २३ गतेदेखि फेरि सुरु भएको हो । लहान मुख्य चोकमा निर्माण भइरहेको ओभरपासको ३५ मिटर गहिराइमा २६ वटा पाइल फाउन्डेसन सकिए पनि अन्य संरचनाको ढिलाइले चोक क्षेत्र अस्तव्यस्त बनेको छ । स्थानीय व्यवसायी डम्बर घिमिरेले भने, 'निर्माण ठप्प हुँदा सवारी आवागमन अस्तव्यस्त भएको छ, धुलो र हिलोले व्यापार गर्न पनि मुस्किल परेको छ ।'

सहिद स्मारक भत्काएपछि एकतर्फी सवारीका लागि डाइभर्सन व्यवस्था गरिए पनि दुर्घटनाको जोखिम, धुलो र हिलोले जनजीवन प्रभावित भइरहेको छ । गत असारमा स्थानीयले चक्काजामसमेत गरेका थिए । निर्माण कम्पनी चाइना रेलवे-२ इञ्जिनियरिङ ग्रुपले काम गरिरहेको छ ।

कञ्चनपुर-कमला सडक विस्तार आयोजना पश्चिम खण्डका सूचना अधिकारी इञ्जिनियर सरोजकुमार कोइरालाले लहान खण्डमा निर्माण ढिलो हुनुका मुख्य कारणमा स्थानीय आन्दोलन, चाडपर्व र भीषण वर्षा रहेको बताए । उनले भने, 'अन्डरपास, ओभरपास र अकासे पुलको पाइल फाउन्डेसन नगरी अन्य काम गर्नै नसकिने बाध्यताले पनि सडक निर्माणको काममा ढिलाइ भएको हो ।'

त्यसबाहेक सडक क्षेत्रमा रहेका बिजुलीका पोल समयमा नहटाइँदा काम झनै प्रभावित भएको उनको भनाइ छ । निर्माणाधीन ओभरपासको लम्बाइ ५५० मिटर, ग्राउन्ड क्लियरेन्स छ मिटर र उचाइ अन्तर्राष्ट्रिय मापदण्डअनुसार हुने जनाइएको छ ।

# श्रमदानमार्फत झोलुंगे पुल मर्मत

**म्याग्दी (प्रस)–** म्याग्दीको बेनी नगरपालिका-४ र मंगला गाउँपालिका-३ को सिमाना अर्जेखोलामा पर्ने झोलुंगे पुलको स्थानीयले श्रमदानबाट मर्मत गरेका छन् । बरङ्जाको न्यु स्टार युवा क्लबको अगुवाइमा स्थानीयले शनिबार श्रमदान गरेर पुल मर्मत गरेका हुन् ।

करिब २० वर्षअघि निर्माण भएको उक्त पुलमा बिछ्याइएको काठको फल्याक खस्नुका साथै भाचिँएपछि जीर्ण बनेको थियो । मर्मत भएपछि जोखिम मोलेर आवतजावत गर्नुपर्ने समस्या अन्त्य भएको स्थानीय बताउँछन् ।

स्थानीयद्वारा उपलब्ध टुनीको रुख काटेर फल्याक बनाइएको थियो । पुरानो फल्याक हटाउन र नयाँ राख्न शनिबार करिब १०० जना स्थानीयले श्रमदान गरेका क्लबका अध्यक्ष गणेश केसीले जानकारी दिए । उनका अनुसार काठ काट्न र सामग्री खरिद गर्न ६६ हजार ६०० रूपैयाँ खर्च भएको छ । अहिले पनि स्थानीयबाट सहयोग जुट्ने क्रम जारी रहेको अध्यक्ष केसीले बताए । करिब ३० मिटर लामो उक्त पुल मर्मतपछि अर्जेखोला, खर्क, बनाहपिंगे, थामडाँडा, सिंगा, तातोपानीलगायत क्षेत्रका बासिन्दा लाभान्वित हुने उनको भनाइ छ ।

पृष्ठ ४ बाट क्रमशः

## पूर्वसचिव...

मिश्रासँगै स्वास्थ्य विभागको व्यवस्थापन महाशाखाका तत्कालीन निर्देशक श्रवणकुमार थापा, आपूर्ति व्यवस्थापन शाखाका प्रमुख सुरेन्द्रकुमार चौरसिया, विभागका निर्देशक विवेककुमार लाल र प्रमुख लेखा नियन्त्रक भुवनप्रसाद काफ्लेविरुद्ध मुद्दा दायर गरिएको प्रवक्ता पौडेलले बताए ।

विभागकी कानुन अधिकृत सीता घिमिरे, वरिष्ठ जनस्वास्थ्य अधिकृत दीपक अधिकारी, तत्कालीन शाखा अधिकृत यादवप्रसाद सापकोटा, तत्कालीन लेखा अधिकृत शम्भुप्रसाद ढकाल, लेखापाल तिलकराम ढकाल, बायोमेडिकल इञ्जिनियर आशिष चौहान, विभागका तत्कालीन बायोमेडिकल इञ्जिनियर पद्मा मिश्र, विभागका केन्द्रीय स्टोर पथलैया बाराका जनस्वास्थ्य निरीक्षक सञ्जयकुमार साह र आपूर्ति कम्पनी म्याक्सिम इन्कर्पोरेसन ट्रेडर्स प्रालिका प्रमुख सुन्दर भुसाललाई समेत प्रतिवादी बनाइएको छ ।

आरोपपत्रमा आर्थिक वर्ष २०८०/८१ मा विभागका लागि म्यामोग्राफी मेसिन खरिद गर्दा दोब्बर बढी मूल्य भुक्तानी गरेको पाइएको उल्लेख छ । लागत अनुमान तयार गरेदेखि नै विभागका तत्कालीन महानिर्देशक मिश्रासहितका कर्मचारीहरू र आपूर्तिकर्ताबीच मिलेमतो देखिएको दाबी आरोपपत्रमा छ । सम्झौता सर्तअनुसार सबै सामान नपाउँदै गलत दाखिला प्रतिवेदन तयार गरेको र झूटा बिल विजक तयार गरी भुक्तानी दिलाइ भ्रष्टाचार गरेको आरोप लागेको छ ।

आयोगले भनेको छ, 'स्वास्थ्य सेवा विभागले उक्त मेसिनको लागत अनुमान मूल्य अभिवृद्धि करबाहेक १२ करोड ७५ लाख रूपैयाँ स्वीकृत गरे/गराएको प्रतिवादी सुन्दर भुसाल एकल सञ्चालक रहेको म्याक्सिम इन्कर्पोरेसन ट्रेडर्स प्रालिले मूल्य अभिवृद्धि करबाहेक १२ करोड ५५ लाख रूपैयाँ कबोल अंक राखी बोलपत्र पेस गरे/गराएको देखिएको ।'

म्यामोग्राफी उपकरण खरिदमा अस्वाभाविक लागत अनुमान तय गरेर मिश्रासहितका राष्ट्रसेवकहरूले बद्नियतपूर्ण कार्य गरेको पनि अख्तियारको दाबी छ । 'नेपाल सरकार र सार्वजनिक संस्था/स्वास्थ्य सेवा विभागलाई गैरकानुनी हानिनोक्सानी गर्ने/गराउने बद्नियतले मूल्य अभिवृद्धि कर तथा अन्य खर्चसमेत कट्टा गरी करिब छ करोड ३० लाख रूपैयाँ मूल्यबराबर आपूर्तिकर्तालाई नाफा लिई/लिन लगाइ सोही रकमबाट राष्ट्रसेवक प्रतिवादीहरूले लाभ लिने/दिने बद्नियतले अस्वाभाविक लागत अनुमान तयार गरे/गराएको तथ्य स्थापित भएको देखिएको,' आयोगले दायर गरेको आरोपपत्रमा उल्लेख छ ।

आयोगका प्रवक्ता पौडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ग), (ङ) र (ञ) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिमको जरिवाना सजाय गरी बिगो असुलउपर हुन मागदाबी लिइएको छ । यसबाहेक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायको मागदाबी अख्तियारले लियो । भ्रष्टाचारजन्य कार्यमा संलग्नहरूलाई थप सजाय गर्न पनि अख्तियारले खबरदारी गरेको छ ।

■■■

## लुटिएका...

'यो सरकारले चुनाव नै गराउँदैन, हुँदै नहुने चुनाव एमालेले कसरी अस्वीकार गऱ्यो ? बहिस्कार कसरी हुन्छ ?,' ओलीले प्रश्न गरे । जेन-जी आन्दोलनका क्रममा भदौ २४ गते देशभरका विभिन्न प्रहरी चौकीबाट ११ सयभन्दा बढी हतियार लुटिएका थिए । यसैगरी १५ हजारभन्दा बढी कैदी फरार भएका थिए । जसमध्ये केही हतियार फिर्ता भएको र पाँच हजारभन्दा बढी कैदी अझै कारागार फर्कन बाँकी छन् ।

जारी कांग्रेस केन्द्रीय समितिमा नेपाली कांग्रेसका नेताहरूले पनि लुटिएका हतियार नियन्त्रणमा सरकारले प्राथमिकता दिनुपर्ने सुझाव पेस भएको छ । 'स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा लुटिएका हतियारहरू सरकारको नियन्त्रणमा आउनुपर्छ र त्यसक्रममा जेलबाट भागेका अपराधीहरूलाई पुनः सरकारले युद्धस्तरमा खोजेर नियन्त्रणमा लिई कानुनको कठघरामा ल्याउन ढिलो गर्नु हुँदैन,' कांग्रेस नेता डा. शेखर कोइरालाले भनेका छन् ।

गृहमन्त्री ओमप्रकाश अर्यालले पनि आइतबार दलहरूलाई जेन-जी विद्रोहको क्रममा लुटिएका हतियार प्रयोग नगर्ने सर्त पूरा गर्नुपर्ने बताएका हुन् । निर्वाचनको वातावरण बन्न लुटिएका हतियारलाई राजनीतिक दलले प्रयोग गर्दैनौं भनेर स्वघोषणा गर्नुपर्ने गृहमन्त्री अर्यालको भनाइ थियो । 'ती हतियारहरू कुनै संगठित गिरोहको हातमा पुगेको छैन र पुग्दैन भन्ने नै छ । उनीहरू असंगठितरूपमा लुकिछिपी बसेका छन् । त्यसलाई जसरी पनि रिकभर गर्छौं । ती भागेका कैदी बन्दीहरू र हतियारलाई राजनीतिक दलले प्रयोग गर्ने वा सहयोग लिने छैनौं भनेर स्वघोषणा गर्नुपऱ्यो,' आइतबार सिंहदरबारमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकपछि गृहमन्त्री अर्यालले भने ।

कांग्रेस प्रचार विभागका प्रमुख मीन विश्वकर्माले जेन-जी विद्रोहको बलमा सरकारमा पुगेकाले नै लुटिएका हतियारबारे दलहरूको प्रतिबद्धता खोजिनु अचम्मलाग्दो विषय भएको बताए । 'आक्रमण, आगजनी, तोडफोड र लुटपाटको बलमा आफैं मन्त्री हुने । भागेका कैदीबन्दी, लुटिएका हतियार र प्रहरीका बर्दी अहिले नखोज भन्ने अनि चुनावमा प्रयोग नगर्ने प्रतिबद्धताचाहिँ दलहरूले गरिदिनुपर्ने ?,' विश्वकर्माले प्रश्न गरेका छन् ।

### निर्वाचनको वातावरण बनाउन गृहको निर्देशन

गृह मन्त्रालयले देशभरका प्रमुख जिल्ला अधिकारीहरूलाई सरकारप्रति नागरिकको भरोसा र विश्वास अभिवृद्धि गराउन निर्देशन दिएको छ । आइतबार बसेको गृहसचिवस्तरीय बैठकले गृह मन्त्रालयले उक्त निर्देशन दिएको हो ।

मन्त्रालयले पछिल्लो परिवर्तनपश्चात् नयाँ सरकार गठन भई आमनिर्वाचनको प्रारम्भिक कार्य सुरु भइसकेकोले शान्तिपूर्ण ढंगबाट सभा, सम्मेलन सञ्चालन गर्ने व्यवस्था मिलाउनसमेत निर्देशन दिएको छ । गृहले प्रदर्शनका क्रममा हराएका वा लुटिएका हातहतियार फिर्ता ल्याउन सबै सुरक्षा निकायले कार्ययोजना बनाई संयुक्तरूपमा प्रभावकारी सेक्युरिटी अपरेसन सञ्चालन गर्ने, अवैध हातहतियारको नियन्त्रण गर्न आवश्यक कार्य गनुपर्ने मन्त्रालयको निर्देशनमा उल्लेख छ । निर्देशनमा प्रतिवेदन गर्नुपर्ने उल्लेखनीय विषय नभए पनि दैनिक जानकारी गराउनुपर्ने र राष्ट्रिय अन्तर ाष्ट्रिय प्रभाव पार्ने, अपराध नियन्त्रण र शान्तिसुरक्षामा गम्भीर असर पुऱ्याउनेलगायत महत्त्वपूर्ण घटनाको सूचना तत्कालै मन्त्रालयसमक्ष प्रमुख जिल्ला अधिकारीले जाहेरी गर्नुपर्ने उल्लेख छ ।

समकक्षी बैठकमा सहभागिता जनाउनुपूर्व मन्त्रालयको स्वीकृति लिने र त्यस्ता बैठकमा राष्ट्रिय हितका विषयहरू स्पष्टसँग उठाउनुपर्ने तथा मन्त्रालयले स्पष्ट अधिकार दिएको अवस्थामाबाहेक लिखित सहमति नगर्ने साथै बैठक सम्पन्न भएपछि प्रमुख जिल्ला अधिकारीले उक्त बैठकका सम्बन्धमा मन्त्रालयलाई लिखित प्रतिवेदन दिन मन्त्रालयले निर्देशन दिएको छ ।

### प्रधानमन्त्रीले सात दलसँग छलफल गर्दै

प्रधानमन्त्री सुशीला कार्कीले विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका सात राजनीतिक दललाई निर्धारित निर्वाचनबारे छलफल गर्न बैठक डाकेकी छिन् । प्रधानमन्त्री कार्कीले भोलि कात्तिक ४ गते साँझ ४:०० बजेका लागि उक्त बैठक डाकेको उनका प्रेस संयोजक राम रावलले जानकारी दिए ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा निर्वाचनका सम्बन्धमा छलफल गर्न दलहरूलाई पत्र पठाइसकेको रावलले बताए । छलफलका लागि तत्कालीन संसदमा मान्यता प्राप्त सात राजनीतिक दलबाट दुई जना उच्चस्तरीय प्रतिनिधि पठाउन आग्रह गरिएको छ । छलफलमा नेपाली कांग्रेस, नेपाल एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीका प्रतिनिधिहरूलाई बोलाइएको हो ।

■■■

## साउदीले...

एजेन्सीका अनुसार कागजातसहितको सम्झौताअन्तर्गत निजी क्षेत्रमा काम गर्नेहरू, कम्तीमा एक वर्ष काम गरेका कामदार, कानुनी पृष्ठभूमि सफा भएका कामदारहरू र तलब नपाउने वा सम्झौता उल्लंघन भोग्ने कामदारहरूले नयाँ अधिकारको प्रयोग गर्न पाउने छन् ।

मानवअधिकार संगठनहरूले यो परिवर्तनलाई सतर्कतापूर्वक स्वागत गरेको उल्लेख गरिएको छ । अन्तर ाष्ट्रिय ट्रेड युनियन कन्फेडेरेसन (आइटियुसी)की महासचिव शरण बरोले यो सुधारले अझै पनि कामदारहरूले स्वतन्त्ररूपमा जागिर परिवर्तन गर्नबाट रोक्ने मुख्य प्रतिबन्धलाई सम्बोधन नगरेको बताएको भनिएको छ । आप्रवासी कामदार अधिकार विशेषज्ञहरूले पनि सतर्कता अपनाउन आग्रह गरे गरेको जनाइएको छ ।

### एक करोड ३० लाख कामदारलाई राहत

यस सुधारबाट गम्भीर प्रतिबन्धहरूको सामना गर्दै आएका करिब १३ मिलियन अर्थात् एक करोड ३० लाख आप्रवासी मजदुरले लाभ लिने जनाइएको छ । उनीहरूले सीमित रोजगारी, तलब रोकिने, दुर्व्यवहार जस्ता शोषण भोग्दै आएका थिए । साउदी सरकारले प्रतिबन्धहरू हटाउँदा निष्पक्ष श्रमबजार सिर्जना हुने, दक्ष जनशक्ति आकर्षित हुने र आप्रवासी तथा साउदीका नागरिकबीच बराबर अवसर सिर्जना गरेर साउदीकरणको नीतिलाई समर्थन गर्ने अपेक्षा गरेको छ ।

सरोकारवालाहरूले व्यावहारिकरूपमै यो परिवर्तनको सुनिश्चित गर्न सुदृढ अनुगमन संयन्त्रको आवश्यकता औंल्याएका छन् । विगतमा पनि घोषणा गरिएका योजनाहरू पूरा नहुने प्रवृत्तिले चुनौतीका रूपमा प्रस्तुत गरेको उनीहरूको तर्क छ । यो प्रणाली पूर्णरूपमा कार्यान्वयन भएको खण्डमा गल्फ क्षेत्रमा गहिलो जरा गाडेर बसेका श्रम मान्यताहरूलाई चुनौती दिँदै छिमेकी देशहरूलाई पनि प्रभावित गर्न सक्ने जनाइएको छ । यसअघि कतारले कफला प्रणाली हटाइसकेको छ ।

साउदी नेपालीहरूको प्रमुख श्रम गन्तव्य हो । गत आर्थिक वर्ष २०८१/८२ मा एक लाख ५२ हजार ५५७ जना नेपाली संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वकिृति लिएर साउदी गएका थिए । कफला प्रणालीकै कारण त्यहाँ गएका नेपाली श्रमिकहरूले समेत श्रमअधिकार हनन भोग्न परेको तथ्य विभिन्न अध्ययनहरूमार्फत सार्वजनिक हुने गरेका थिए ।


# हार्दिक श्रद्धाञ्जली



जन्म १९८७/०१/०५

स्वर्गारोहण २०८२/०६/१३

**स्व. पासाङ नोर्बु लामा**

ठेगानाः- घोरथाली सिन्धुपाल्चोक/ हालः- बौद्ध टुसाल काठमाडौं

यस शेर्पा सेवा केन्द्रको आजीवन सदस्य श्री पासाङ नोर्बु लामाको ९५ बर्षको उमेरमा असामयिक निधन भएकोले आज २१ औं दिनको पून्य तिथिमा दिवंगत आत्मको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

गेल्जे लामा
अध्यक्ष
तथा
**सम्पूर्ण शेर्पा सेवा केन्द्र परिवार**
बौद्ध, टुसाल, काठमाडौं

## कुवेतमा रोजगार

कम्पनी : AL MULLA INTERNATIONAL EXCHANGE CO

पूर्व स्वीकृति मिति : २०८१/०३/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 307193 | चलानी नं.६०२२१८८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CAMBIST | 5 | 5 | 150 | ६९,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १६ र १७ गते (2 & 3 Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
**AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED**
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

## मलेसियामा रोजगार

कम्पनी : K-FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332675 | चलानी नं. ६०२४६३२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ५६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1610/079/80
**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## साउदीमा रोजगार

कम्पनी : BRIDGE SUPPLY COMPANY FOR TRANSPORT AND LOGISTICS SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332568 | चलानी नं.६०२४६३४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 4 | 0 | 1800 | ६७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SARI INTERNATIONAL LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332567 | चलानी नं.६०२४६३१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 10 | 0 | 1800 | ६७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## जापानमा रोजगार

कम्पनी : NISHINIHON MONOZUKURI COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332614 | चलानी नं. ६०२४६३२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BOOKBINDING M OP. | 2 | 0 | 170214 | १५९०७२ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : MIRAI RIDO KYOUDOU KUMIAI

पूर्व स्वीकृति मिति : २०८२/०६/१६ | LT. No. 332351 | चलानी नं. ६०२४६३२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plasterer | 2 | 0 | 182785 | १७०८२१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : MIRAI RIDO KYOUDOU KUMIAI

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 330260 | चलानी नं. ६०२४४०५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION EQUIPMENT | 3 | 0 | 182000 | १७००८७ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : CENTRAL ASSOCIATION OF COOPERATIVE BUSINESS

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 332613 | चलानी नं. ६०२४६३२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PAINTING WORKER | 2 | 0 | 186507 | १७४२९९ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.** (JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com

# Ghodaghodi Municipality

## Office of Municipal Executives

## Invitation for Bids

**Date of publication: 2082/07/03 (2025/10/20)**

1. **Ghodaghodi Municipality** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of as Per CDT under National Competitive Bidding procedures. The estimated amount for the works is as Per CDT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

**CDT**

| Contract no./ID | Description of Works | Total Estimated Amount (With Vat) NPR | Bid Security Amount (NPR) | Bid Document Fee (NPR) | Remarks |
|---|---|---|---|---|---|
| NCB/GOODS/GUMN/04/082/083 | The Procurement of Medicines | 3999996.35 /- | 1,15,000/- | 3,000/- | |

**Chief Administrative Officer**

# मनाइयो काग तिहार



**काठमाडौं (प्रस)–** कार्तिक कृष्ण त्रयोदशीका दिन मनाइने काग तिहार पर्व आइतबार यमराजको दूतका रूपमा कागलाई पूजासहित मीठामीठा चीजबीज खान दिएर मनाइएको छ ।

काग तिहार पर्वदेखि नै हिन्दूको दोस्रो चाड यमपञ्चक सुरु हुने भए पनि यस वर्ष तिथिको घटबढका कारण शनिबारदेखि नै यमपञ्चक आरम्भ भएको छ। कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीया अर्थात् भाइटीकासम्म तिहार मनाउने गरिन्छ । यमराजले लोकको खबर कागका माध्यमबाट थाहा पाउने भएकाले कागलाई यमदूतका रूपमा मान्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक विकास समितिका अध्यक्ष प्रा. शम्भुप्रसाद ढकालले जानकारी दिए । कागले यमराजसमक्ष राम्रो खबर लगिदियोस् भनेर यस दिन मीठामीठा खानेकुरा दिइ खुसी पार्ने गरिएको पनि उनले बताए ।

लोक व्यवहारमा काग घरमा आई कराएमा शुभ बोल, शुभ बोल भनी भन्ने प्रचलनसमेत छ । काग घर वरपर आई कराएमा उसले केही खबर लिएर आएको विश्वास गरिन्छ । 'काकेन दधि भक्षितम्' अर्थात् कागलाई दही भात मीठो लाग्ने भएकाले यस दिन कागलाई दही भात खुवाएमा यमराजसमक्ष राम्रो सन्देश लगिदिन्छ भन्ने मान्यता छ ।

दुष्कर्म गर्नेलाई यमराज भएर दण्ड दिने र सत्कर्म गर्नेलाई धर्मराज भएर रक्षा गर्ने विश्वाससित पनि तिहार पर्व गाँसिएको छ । यम यातनाबाट मुक्तिका लागि परिवारका सबै सदस्यका नाममा यमदीप दान दिनेक्रम भने आइतबार साँझदेखि सुरु भएको छ ।

शनिबारदेखि नै कार्तिक कृष्ण त्रयोदशी सुरु भएकाले आइतबार बिहान पहिलो प्रहरमै कागलाई पूजासहित मीठामीठा चीजबीज खान दिएर सम्मान गरिएको हो । यमपञ्चक अर्थात् तिहारको पहिलो दिन नै कागतिहार पर्व मनाइने गरेकामा तिथिको घटबढका कारण यस वर्ष शनिबार यमपञ्चक सुरु भएकामा आइतबार दोस्रो दिन काग तिहार पर्व मनाइएको हो ।

# फरक–फरक दिनमा तिहार मनाउँदै भक्तपुरका नेवार समुदाय

**भादगाउँ (भक्तपुर)–** भक्तपुरका नेवार समुदायले स्वन्ती नख: (तिहार)पर्व फरक–फरक दिनमा मनाउने भएका छन् । तिथि घटबढका कारण पर्व फरक–फरक दिनमा मनाउन लागिएको हो ।

नेपाल पञ्चांग निर्णायक समितिले सार्वजनिक गरेको पात्रोअनुसार नेपालीहरूको दोस्रो ठूलो पर्व तिहारअन्तर्गत आइतबार काग तिहार, कात्तिक ३ गते बिहान कुकुर तिहार, साँझ लक्ष्मीपूजा, कात्तिक ४ गते गाई तिहार, कात्तिक ५ गते गोवर्द्धन पूजा, म्हः पूजा र नेपाल संवत्को शुभारम्भ तथा कात्तिक ६ गते किजा पूजा एवं भाइटीका परेको छ ।

यसैबीच, मध्यपुरथिमि नगरपालिकाका नेवार समुदायले लक्ष्मीपूजा कात्तिक ४ गते मनाउने भएका छन् । कात्तिक ४ गते साँझ ६:१५ बजेसम्म औंसी तिथि रहेकाले सो दिनमात्र लक्ष्मीपूजा गर्न लागिएको थिमि लायकूका नायो पमा: (प्रधान नाइके) श्यामकाजी श्रेष्ठले बताए ।

यस्तै मध्यपुरथिमि-७, नगदेशस्थित लायकू (दरबार)को आह्वानमा गत असोज ३० गते बसेको नगदेश लायकू दरबारका नायो पमा:, पमा:, नगदेशका सम्पूर्ण खल:का प्रतिनिधि, नेवा दे दबूका प्रतिनिधि, ज्यापू महागुठीका प्रतिनिधि तथा बुद्धिजीवीको बैठकले लक्ष्मीपूजा कात्तिक ४ गते मनाउने निर्णय गरेको हो । बैठकले कात्तिक २ गते काग तिहार, ३ गते कुकुर तिहार, ४ गते लक्ष्मीपूजा, ५ गते म्हः पूजा, नेपाल संवत् र ६ गते किजा पूजा तथा भाइटीका मनाउने निर्णय गरेको नेवा: दे दबूका कृष्णबहादुर घजुले जानकारी दिए ।

भक्तपुर नगरका नेवार समुदायले भने म्हः पूजा कात्तिक ४ गते गर्ने भएका छन् भने किजा पूजा (भाइटीका) कात्तिक ५ गते गर्ने भएका छन् । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा गत असोज २२ गते बसेको भक्तपुरको तलेजुका पूजारी तथा ज्योतिषहरूको बैठकले सो निर्णय गरेको हो ।

बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, तलेजुका पूजारी प्रजेशराज राजोपाध्याय, नरेन्द्रप्रसाद जोशी, महेश कर्माचार्य, पद्मलोचन कर्माचार्य, सिद्धिवीर कर्माचार्य, ज्ञानेन्द्रकृष्ण जोशीलगायत सहभागी थिए । भक्तपुरका नेवार समुदायमा कुनै चाडपर्व मनाउन तिथिमा अन्योल उत्पन्न भए तलेजु र लायकूको निर्णयानुसार गर्ने प्रचलन रहेको छ। सोहीअनुसार यस वर्ष पनि तिथि घटबढका कारण तिहार मनाउन अन्योल उत्पन्न भएपछि तलेजु र लायकूका पूजारी, ज्योतिषि र नायो पमा:हरूको बैठकले पर्व मनाउने दिन र समयका बारेमा निर्णय गरी सार्वजनिक गरेको हो । *रासस*

# नेपाल संवत्लाई नेपाली नोटमा समावेश गराइने

**भक्तपुर (प्रस)–** यस वर्षदेखि नेपाली नोटमा नेपाल संवत्को मिति उल्लेख गरिने भएको छ। शंखधर साख्वा: प्रतिष्ठान भक्तपुरले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा नेपाल संवत् ११४६ नयाँ वर्षको दिन आगामी ५ गते बुधबार प्रधानमन्त्री सुशीला कार्कीद्वारा शंखधर साख्वा:को शालिकमा हुने माल्यार्पण कार्यक्रममा त्यसको औपचारिक घोषणा गर्ने गरी सहमति भएको जानकारी दिइयो ।

प्रतिष्ठानका अध्यक्ष ज्ञानराम श्रेष्ठले प्रधानमन्त्रीसँगको छलफलमा त्यसबारे सहमति भएको र बुधबार औपचारिक घोषणा गरिने बताए। उनले भने, 'नेपाल संवत् नेवारहरूको मात्रै होइन, सिंगो नेपाल र सबै नेपालीको आफ्नै मौलिक संवत् हो । यसबारेमा प्रधानमन्त्रीसँग छलफल भयो र बुधबारको कार्यक्रममा घोषणा गर्ने तयारी छ।'

अध्यक्ष श्रेष्ठले नेपाल संवत्को नयाँ वर्षको दिन बुधबार प्रधानमन्त्री कार्कीबाट कार्यक्रमको उद्घाटन भई शंखधर साख्वाको शालिकमा माल्यार्पण गर्ने कार्यक्रम रहेको बताए।

प्रतिष्ठानका पूर्वअध्यक्ष श्यामकृष्ण मानन्धरले कार्यक्रमको तयारी पूरा भएको जानकारी दिए । उनले देश तथा विदेशमा शंखधर साख्वा:को योगदान, नेपाल संवत्को महत्त्व तथा यसलाई कार्यान्वयनमा ल्याउन पहल गरिरहेको र यस देश तथा विदेशका विभिन्न ठाउँमा शंखधर साख्वा:को शालिक स्थापना गर्ने काम भइरहेको बताए ।

# नर्सका माग सम्बोधन गर्न सरकारले बनायो समिति

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले नर्सिङ स्वास्थ्यकर्मीको पारिश्रमिकसम्बन्धी माग सम्बोधन गर्न समिति गठन गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव प्रा.डा. श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा १४ सदस्यीय समिति गठन गरिएको हो ।

देशका विभिन्न निजी अस्पताल तथा मेडिकल कलेजका नर्सले उचित पारिश्रमिक नपाएको भन्दै आन्दोलित छन् । प्रधानमन्त्री सुशीला कार्कीले गत बिहीबार स्वास्थ्य मन्त्रालयका सचिवसहितको टोलीसँग छलफल गरेर तत्काल समस्याको सम्बोधन गर्न निर्देशन दिएकी थिइन् ।

मन्त्रालयका सचिव डा. विकास देवकोटाका अनुसार समितिले एक हप्ताभित्र प्रारम्भिक प्रतिवेदन दिनुपर्ने छ । तत्काल र दीर्घकालीन रूपमा समस्या समाधानका लागि गर्नुपर्ने कामका विषयमा सुझावसहितको प्रतिवेदन दिनुपर्ने समितिको कार्यादेश छ ।

समितिमा स्वास्थ्य मन्त्रालयको गुनासो सुनुवाइ एकाइ प्रमुख डा. अनुप बाँस्तोला सदस्य छन् । यस्तै चिकित्सा शिक्षा आयोगका निर्देशक, स्वास्थ्य सेवा विभाग नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख, गृह, अर्थ, श्रम, शिक्षा मन्त्रालयका प्रतिनिधि पनि समितिको सदस्यमा छन् ।

नेपाल नर्सिङ परिषद्, नेपाल नर्सिङ, नेपाल मेडिकल तथा डेण्टल कलेज एसोसिएसन्स, निजी अस्पतालको छाता संस्था एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन), आन्दोलनरत नर्सका प्रतिनिधि पनि समितिमा समावेश छन् भने स्वास्थ्य मन्त्रालयका चिकित्सा सेवा, शिक्षा तथा अनुसन्धान शाखा प्रमुखलाई सदस्यसचिव तोकिएको छ ।

नर्सहरूले सरकारले तोकेको आधारभूत तलब तथा सुविधा पाउनुपर्ने राख्दै आन्दोलन गरिरहेका छन् । अहिले सरकारले तोकेको आधारभूत तलब ३४ हजार ७३० रूपैयाँ रहेको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको ३५ दिने सूचना**

प्रकाशित मिति २०८२/०७/०३ गते

यस कार्यालयमा मिति २०७२/०३/१७ मा दर्ता भएको **गायत्री कन्स्ट्रक्सन कम्पनी प्राइभेट लिमिटेड (प्रा.लि.नं. १३६६८७)** नामक कम्पनीले दर्ता खारेज गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८२/०७/०३

यस बैंकका निक्षेपकर्ता श्री बलदिप थापाको छोरी, श्री मन बहादुर थापा मगर, दैलेख जिल्ला, बालुवाटार गा.वि.स. वडा नं. ९ घर भई हाल दैलेख जिल्ला, नौमुले गाउंपालिका वडा नं. ८ बस्ने वर्ष ७३ को श्री **धनिकला मगरनी** ( ना.प्र.नं. १११६, जारी मिति २०४५-०१-१५, जारी जिल्ला दैलेख) को मिति २०८१/०५/२९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको छोरा श्री **रत्न बहादुर थापा मगर**ले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका छोरा श्री **रत्न बहादुर थापा मगर**को हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**राजगढ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नर्घो, सप्तरी, मधेस प्रदेश नेपाल**

**हार्दिक शुभकामना**

नेपालीहरूको महान् चाड शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस गाउँवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरुमा सुख, शान्ति, समृद्धि छाओस, लक्ष्मीले बास गरुन् विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सु-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गाउँबासीहरूमा जनहितमा जारी सन्देश**

- चाडपर्वको खुसीयालीमा वृक्षारोपणलगायतका रचनात्मक कार्यमा अग्रसर बनौं । सामाजिक सुधारका लागि समुदायमा बसेर छलफल गरौं ।
- चाडपर्वको बेलामा अभावमा रहेकालाई सहयोग गरौं । पुण्यको काम गरौं र सकारात्मक कार्यमा अग्रसर बनौं।
- चाडपर्वका नाममा विकृतिविरुद्ध अघि सरौं । देउसीभैलो कार्यक्रमलाई व्यवस्थित तरिकाले संचालन गरौं ।
- चाडपर्वको मेसोमा जुवातास नखेलौं । गैरकानुनी रुपमा हुने गरेका जुवातास नियन्त्रणका लागि नजिकको प्रहरीलाई खबर गरौं ।
- मादक पदार्थरहित चाडपर्वमा रमाऔं । चाडपर्वको बेलामा खानपानमा विशेष ख्याल गरौं ।
- चाडपर्वको बेलामा अनावश्यक फजुल खर्च नगरौं । मितव्ययी बनौं र गच्छेअनुसारको खर्च गरौं ।
- शुभ दीपावली र छठ पर्वको बेला विस्फोटक पदार्थ (आतिसबाजी) को प्रयोग नगरौं । यसले भौतिकसहित मानविय नोक्सानी गर्छ ।
- तिहारको समयमा सरसफाईमा आफै जागरुक बनौ । छठ पर्वको समयमा नजिकका खोलानदी सफा र सुन्दर पारौं ।
- समुदायलाई स्थायी रुपमा यस्ता संरचनाको सुधारका लागि अभिप्रेरित गरौं ।
- पटकाजन्य पदार्थबाट बालबालिकालाई टाढै राखौं । आगलागी, अंगभंगलगायतका घटना हुन सक्ने भएकाले सावधानी अपनाऔं ।
- पर्व मनाउने नाममा अरुलाई हानी हुने कुनै काम नगरौं । देउसीभैलोका नाममा अनावश्यक रकम माग गरेर त्रास नफैलाऔं ।
- चाडवाडका बेलामा बजारमा अखाद्य वस्तु धेरै देखिन्छन् । सामान खरिद गर्दा ख्याल गरौं र गुणस्तरहीन सामानबारे सरोकारवाला निकायमा खबर गरौं । स्वस्थ्य माछामासुको प्रयोग गरौं ।
- चाडपर्वको बेलामा दुर्घटना बढ्न सक्छ । ट्राफिक नियमको पालना गरौं । क्षमताभन्दा बढी यात्रा नगरौं । चाडपर्वको बेलामा घरबाट टाढा नजाऔं । आफ्नो सम्पतिको सुरक्षा गरौं ।
- चोरीलगायतका अपराध बढिरहेकाले आफै सचेत बनौं र, समुदायलाई सचेत बनाउन सहयोग गरौं । सांस्कृतिक पर्वहरु हाम्रा धरोहर र परम्परा हुन । यसको सही तरिकाले जगार्न र संरक्षण गरौं ।
- चाडपर्वको बेलामा सामाजिक सुधारको काममा अग्रसर बनौं । गाउँटोल सरसफाईमा विशेष ध्यान दिऔं । रचनात्मक कार्यका लागि सहकार्य गरौं ।

**श्री ओम प्रकाश मण्डल**
अध्यक्ष

**श्री रेणु देवी मण्डल**
उपाध्यक्ष

**काठरदाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**
**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०७/०३**

श्री सेला सामुदायिक वन उपभोक्ता समुह सिगास गाउँपालिका वडा नं १ बैतडीले व्यवस्थापन गर्दै आएको वनबाट संकलन गरीएकोरउत्पादन भएको सुखड खडा, ढलापडा काठ घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खोटेसल्लो जातको १००६.६५ घन फिट काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक उद्योग फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं (एक्काइसौं) दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरीद गरी २२औं दिन विस्तृत सूचनामा तोकिएको समय भित्र दाखिला गर्न यो सूचना आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । विस्तृत सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, सदरमुकाम स्थित तोकिएका सरकारी कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको व्यहोरा समेत अनुरोध छ ।

**श्री सेला सामुदायिक वन उपभोक्ता समुह**
सिगास गाउँपालिका १ बैतडी
सचिव प्रकाश टेलर, सम्पर्क नं. ९८६८७६७१७९

**दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना**

सूचना प्रकाशित मिति: २०८२/०७/०३

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD. (JAYA SHREEHANUMAN) (इ.प.नं. 1440/074/75) को साविकको ठेगाना काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. १० परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २६ कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी रनिवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75
Samakushi-26, Kathmandu, Nepal, Tel: 015906717
E-mail : almighty.aims@gmail.com, Web: www.almightymanpower.com

**Jahada Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Morang , Koshi Province, Nepal**

**Invitation For E-Bid**

First Date of Publication: 3rd of Kartik, 2082

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (With VAT) NRs. | Bid Document Cost NRs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/ SQ/082/83-12 | Lohondra Khola Ko Pul Dekhi Sosna Mandal Ko Ghar Hudai Kurhariya Jane Sadak Stronnati, Jahada-1 | 9,49,644.28 | 1000 | - | 12:00 Hrs. on 2082/07/18. | 14:00 Hrs. on 2082/07/18. | 25,000.00 |
| JRM/WORKS/ SQ/082/83-13 | Rambilash Shah Ko Ghar Dekhi Purba Dahiyar Tole Ra Dakshin Jane Bato Nahar Samma Sadak Stronnati, Jahada-2 | 19,04,057.97 | 1000 | - | 12:00 Hrs. on 2082/07/18. | 14:00 Hrs. on 2082/07/18. | 50,000.00 |
| JRM/WORKS/ NCB/082/83-14 | Jahada 2 Ra 3 Ko Nahar Ma Milan Chowk Samma Kalopatre Karya | 96,30,032.06 | 3000 | 14:00 Hrs. on 2082/07/20. | 12:00 Hrs. on 2082/08/03. | 14:00 Hrs. on 2082/08/03. | 2,50,000.00 |

2. The details of the project is as follows :
For other details please visit bolpatra.gov.np/egp
Contact: 9820730035, 9820730031

**Roshan Kumar Gupta**
**(Chief Administrative Officer)**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### तिहार–नेपाल सम्वत्‌को शुभकामना

**वर्ष २०८२ को तिहार घरघरमा भित्रिइसकेको छ। तिहारलाई फूल र उज्यालोको पर्वका रूपमा लिइन्छ । त्यसो त तिहार दिदीबहिनी–दाजुभाइको सम्बन्धलाई प्रगाढ बनाउने पर्वको रूपमा हेरिन्छ। तर, यस अवसरमा काग, कुकुर, गाई, गोरुजस्ता पक्षी र जनवारलाई पनि सन्देशवाहकका रूपमा पुजिन्छ। यतिमात्र हैन, यो पर्वमा धनकी देवी लक्ष्मीलाई समेत विशेष महत्त्वका साथ पूजा गर्ने गरिन्छ।**

**कृषि क्षेत्रमा लागेका किसानहरू यतिबेला खेतीबाली भित्र्याउन व्यस्त छन् । प्रायः तिहार यसै मौसममा पर्छ । यसैले पनि किसानहरू आफ्नो धानको भकारीदेखि भाडावर्तनमा पनि पूजा गर्छन् । घर सरसफाइदेखि विभिन्न अमूल्य वस्तुको पूजा पनि यही पर्वमा गरिन्छ । सामाजिकरूपमा छिमेकसँग सौहार्द्रपूर्ण वातावरण बनाउन देउसीभैलो खेल्ने गरिन्छ । समाजका व्यक्तिहरू जम्मा भएर एकअर्काको घर घुम्दै गाउँदै देउसीभैलो खेल्दा पारस्परिक सम्बन्धहरू बलियो हुँदै जाने र बिग्रेका सम्बन्धहरूमा सुधार पनि आउँछ।**

**यो पर्वको अन्तिम दिन भाइटीका हो । जसलाई दाजुभाइको स्वास्थ्यसँगसमेत जोडिने गरिन्छ। कन्दमुल र फलफूल उपहार दिएर दाजुभाइलाई दीर्घायुको कामना गरी यो पर्व मनाउने गरिन्छ । मखमली फूलको माला लगाएर कहिले नओइलिउन् भन्ने शुभकामना दिइन्छ। अनि सप्तरंगी टीका लगाएर आशीर्वाद आदानप्रदान गरिन्छ। तर, पछिल्ला दिनहरूमा भाइटीका मसला, माला, टीकामा मिसावटयुक्त सामग्री छ्याप्छ्याप्ती भेटिन थालेका छन् । यसले दाजुभाइको स्वास्थ्यमा असर पर्न सक्छ । त्यसैले पनि दीर्घायुका कामना गरिने यो पर्वमा दिदीबहिनीले ख्याल गर्नुपर्ने विषय बनेको छ स्वस्थ्यवर्द्धक खानेकुरा। यसैगरी बजारिया सरसामान, धनतेरसको नाममा महँगा धातुहरू किन्ने परम्परा बढ्दो छ। मौलिक परम्परामा यस खालका देखासिकी पर्दैनन् । त्यसैले पनि यस्ता खाले देखासिकी र मौलिकपनलाई नास्ने विषयलाई बढावा दिनहुन्न।**

**नेपाली मौलिक पन झल्कने उज्यालो, खुसी अनि थप धन आर्जन गर्ने आशीर्वाद लिने पर्वलाई देखावटीको पर्व बनाउन हुन्न। धन र मन जोडिने यो पर्वको अवसरमा यसपटकको मौसम निकै राम्रो पनि छ। भर्खरैको जेन–जी आन्दोलनपछि देशको राजनीति फेरि अन्योलतामा फसेको छ। यसका बाबजुद पनि विश्वभरका नेपालीहरू पर्व मनाउन जुटिसकेका छन् । तिहारसँगै नेवार समुदायले नेपाल सम्वत् पनि मनाइँदै छ। आफ्नो शरीरको आफैंले पूजा गरेर मनाइने म्हपूजाको छुट्टै मौलिकता र महत्त्व रहेको छ। यी पर्वहरूले मुलुकको राजनीतिमा पनि सद्भाव र स्थिरता ल्याओस् । हाम्रा पाठक, शुभेच्छुक, विज्ञापनदातालगायत सम्पूर्ण नेपालीहरूमा तिहार र नेपाल सम्वत्‌को हार्दिक शुभकामना।**

# तिहारमा दाजुभाइलाई स्वस्थ उपहार



डा. अरुणा उप्रेती

हामीले तिहार पर्व दाजुभाइको दीर्घायु र सुस्वास्थ्यका लागि मनाउँछौं । त्यसैले उनीहरूको स्वास्थ्यको ख्याल राख्नु दिदीबहिनीको कर्तव्य हो । अहिले उपहारमा पनि अनेक फलफूलको जुस होइन, स्थानीय फलफूल नै दिनुपर्छ । बट्टाको फलफूलको जुसले शरीरमा धेरै बेफाइदा गर्छ । बट्टाको जुसहरूमा एकदमै धेरै चिनीको मात्रा हुन्छ । अहिलेको समयमा चिनीको प्रयोगले मानिसहरूलाई विभिन्न किसिमका समस्या आइपरेका छन् । त्यसमाथि यदि कसैका दाजुभाइ मधुमेहका बिरामी छन् भने त झनै समस्या हुन्छ । त्यसकारणले बारीमा, पसलमा सजिलै पाइने अम्बा, सुन्तला, अमला हलुवाबेदजस्ता खानेकुराले दाजुभाइको तिहार विशेष बनाऔं ।

नेपालीले सांस्कृतिक पर्व तिहार ढोकामा आएको छ । यस पर्वलाई दाजुभाइ र दिदीबहिनीबीच विभिन्न उपहार पनि लिनेदिने पर्वका रूपमा पनि लिने गरिन्छ । दिदीबहिनीले दाजुभाइको दीर्घायु र सुस्वास्थ्य कामना गर्ने पर्व हो, तिहार। दाजुभाइलाई विभिन्न किसिमका भाइमसला मिठाइका परिकार खुवाउने, टीका लगाउने, पूजा गर्ने र त्यसपछि दाजुभाइले पनि दिदीबहिनीलाई स्नेहपूर्वक उपहार दिने एकदमै राम्रो चलन हो । यो चलनलाई जोगाउनुपर्छ। तर यो पर्व मनाउँदै गर्दा विभिन्न मसला र भोजन दाजुभाइलाई दिँदा त्यस्तो भोजन कस्तो तरिकाले बनाइएको र कस्तो तेल प्रयोग गरिएको छ भनेर विचार चाहिँ गर्नुपर्छ।

तेलको गुणस्तरले भोजनको गुणस्तरमा पनि असर पार्ने हुँदा आफूले प्रेमपूर्वक दिएको खानेकुराले कुनै असर नगरोस् भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । बारम्बार एउटै तेलको प्रयोग गर्दा त्यसमा नराम्रो खालको चिल्लो उत्पन्न हुन्छ । त्यसले मुटु र कलेजोलाई हानि पुऱ्याउँछ । यस्तो खाना खाएपछि दाजुभाइलाई समस्या उत्पन्न हुनसक्छ । त्यसमाथि पनि मधुमेह, उच्च रक्तचापको समस्या भएका व्यक्तिहरूमा झन् समस्या थपिन सक्छ । त्यसैले दिदीबहिनीले सबैलाई स्वस्थकर हुने घरमा बनाइएका खानेकुराको बढी प्रयोग गरे दाजुभाइलाई 'माया' गरेको ठहरिन्छ।

तिहार पर्व मनाइरहँदा सन्तुलित र स्वस्थ खानेकुरातर्फ ध्यान दिन जरुरी छ । यो बेलामा विभिन्न तरिकाले बनाएका बढी मासु खाँदा स्वास्थ्यमा समस्या पनि आउन सक्छ। धेरै चिल्लो, मसला र पिरो राखेर पकाएको मासु स्वादिष्ट त हुन्छ। भात, रोटी, चिउरासँग त्यो स्वादिष्ट मासु खाएर पेट टन्न हुँदा पनि जिब्रो अघाएन र जिब्रोले स्वाद खोज्यो भन्दै पुनः थपेर खाँदा पेटको स्वास्थ्यमा असर गर्छ। जिब्रोको स्वादका आधारमा यसरी मासु र धेरै परिकार तथा अन्य खानेकुरा खाँदा स्वास्थ्यमा अनेक समस्या आउन सक्छ। त्यसैले संयमित भएर भोजन गर्नुपर्छ।

पर्वका बेला कहिलेकाहीँ धेरै स्वादिष्ट मसलेदार मासु खाएको खण्डमा बिहान टन्न खाएमा दिउँसो खाजा नखाँदा पेटलाई आराम हुन्छ। पेट अटसमटस हुनेगरी मासु खाँदा झाडापखाला लाग्ने, पेट दुख्ने समस्या निम्तिन सक्छ । मासुमा रेशादार तत्त्व हुँदैन । त्यसैले मासुसँगै हरियो सागसब्जी, दही, गेडागुडी, दाल फलफूल अनिवार्य रूपमा मिलाएर शरीरलाई चाहिने मात्रा सेवन गरेर सन्तुलित आहार खाँदा स्वस्थ बन्न सकिन्छ। यस्तो साधारण कुराको ज्ञान राखेर दिदीबहिनीले दाजुभाइलाई कसरी स्वस्थ बनाउने पनि विचार गर्नुपर्छ।

पहिला नेपालीलाई मासु खानका लागि दसैं, तिहार जस्ता चाडपर्व नै कुर्नुपर्थ्यो । आजभन्दा ४४-४५ वर्षअघि दसैं, तिहारमा मासुभात, मासु चिउरा, मिठाइ खान पाइन्छ भनेर खुसी भइन्थ्यो। यही बेलामा मात्रै मन लागे जति मासु खान पाइन्थ्यो। अरुबेलामा त एक पाउ ल्याएर परिवारले खाने भएर होला, दसैं, तिहारको बेला धेरै मासु खाने चलन थियो। अहिले मासु खान दसैं, तिहारजस्ता चाडपर्वमा पर्खिनु पर्दैन। दैनिक जीवनमा पनि हप्तामा एक/दुई चोटी मासु प्रायः धेरै परिवारमा पाक्छ। मासुमात्रै लगातार खाने अनि दाल, गेडागुडी, हरियो सागसब्जीलाई बेवास्ता गर्दा कब्जियतको समस्या हुन्छ। शरीरलाई चाहिने प्रोटिन तत्त्व प्राप्त गर्नका लागि सबै खानेकुरालाई मिलाएर खानुपर्छ।

चाडपर्वको बेला मासु बढी खाने तर अन्य स्वस्थकर खानेकुरालाई बेवास्ता गर्दा मधुमेह, युरिक एसिड, अत्यधिक मोटोपन, ग्यास्ट्रिक भएकाहरूलाई झन् समस्या पर्छ। विदेशतिर काँचो मासु काटेर डिप-फ्रिजमा राख्छन् र आफूलाई चाहिएका बेला निकालेर पकाउँछन् । हामीकहाँ चाँहि धेरै मासु एकैपटक पकाएर फ्रिजमा राख्ने, त्यसपछि पुनः खाने बेलामा सबै निकालेर एकैचोटि तताउने, चाहिएको खाने अनि फेरि फ्रिजमा राख्ने गरिन्छ। यसरी फ्रिजमा राख्दै, बाहिर निकाल्दै खाने अनि फेरि फ्रिजमा राख्ने गर्दा मासुमा भएको पौष्टिक तत्त्व र गुणात्मकता घट्छ। खानामा विषालु तत्त्व उत्पन्न पनि हुनसक्छ। धेरै मासु एकैचोटी ल्याएर डिप-फ्रिजमा काँचो मासु राख्ने, जति चाहिन्छ, त्यतिमात्रै निकालेर पकाउने गर्नुपर्छ । सकेसम्म जुनसुकै खानेकुराहरू फ्रिजमा राखेको २४ घण्टादेखि ४८ घण्टाभित्र खानुपर्छ। अहिले नसर्ने रोगहरूको बिगबिगी बढेकाले दाजुभाइको स्वास्थ्यमा राम्रो फाइदा गर्ने भोजन दिनुपर्छ।

यदि कोही दाजुभाइहरू शाकाहारी छन् भने उनीहरूलाई दही, दूध, पनिर, च्याउ, तोफु, फापर, विभिन्न थरिको रोटी, ढिँडो, चिउराका परिकार आदि खानेकुरा मिलाएर भोजन गराउँदा स्वाद र स्वास्थता दुवै पाइन्छ । तिहारमा चाडपर्वमा मिठाइ कोसेली लैजान त बन्द नै गर्नुपर्छ । मैले त घरमा आउने पाहुनालाई 'मिठाइ ल्याउँदा पनि नल्याउनुहोस्' भनेको छु । म पनि अरुकोमा जाँदा फलफूल नै लैजान्छु । फलफूल लैजान सजिलो पनि छ। अलि सम्मान गर्ने व्यक्तिको घरमा जाँदा काजु लैजान्छु। गाउँबाट ल्याएको तामा, कोदो, फापर लैजान्छु । तिहारमा म कहिल्यै मिठाइ किन्दिनँ। अरूलाई उपहार दिँदा पनि दिन्न।

तिहारमा रमाइलो गरेर मनाइरहँदा स्वास्थ्य अवस्थालाई चाहिँ ध्यानमा राख्नुपर्छ । यो बेला चिल्लो धेरै खायो भने बिरामी परिन्छ। त्यसको असर दीर्घकालीनरूपमा पनि पर्न सक्छ। पाँच/छ फिटको शरीरका लागि तीन चार इञ्चको जिब्रोले 'कन्ट्रोल' गर्न नसक्दा समस्या पर्छ। दाजुभाइले पनि आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर खानपिन गर्नुपर्छ । यो बेला मासु तरकारी, दालभात, विभिन्न किसिमका परिकारहरू खाइन्छ। भोजनले पेट भर्ने मात्र होइन, यो आनन्द पनि जोडिएको छ। पेट भर्ने घर परिवारसँग पाहुनालाई सँगै खाँदा छुट्टै आनन्द आउँछ। तर, यस्तो बेला खानेकुरामा एकदमै विचार गर्नुपर्छ। दाजुभाइलाई पाहुना बोलाएको बेला विशेषगरी मासु एकदमै चिल्लो र मसलादार साथै हेर्दा राम्रो लाग्नेगरी बनाइन्छ। तर, यस्तो मासु धेरै खाँदा स्वास्थ्यमा असर गर्छ भन्ने कुरा बुझ्नुपर्छ । स्वास्थ्यलाई नराम्रो असर पर्ने कुराहरू सकेसम्म दाजुभाइलाई पर्वको बेला दिनु हुँदैन। मासु र भात पकाएर खाँदा पेट भरिए पनि मुख भरिएको छैन भनेर खाइन्छ।

पर्वको बेला धेरै चिल्लो, गुलियो पदार्थहरू चिसो पेयपदार्थ, मिठाइलगायत खाँदा मानिसहरूको शरीरमा विशेषगरी कलेजोमा बोसो जम्ने समस्या हुन्छ । त्यही कारणले पनि चाडपर्वमा मासुदेखि मिठाइसम्म चिसो पेयपदार्थदेखि अन्य पेय पदार्थहरूसम्म सेवन गर्दा धेरै विचार गर्नुपर्छ । जुन वस्तुले स्वास्थ्यमा राम्रो असर पार्छ, त्यही खानुपर्दछ। तिहारको बेला 'ड्राइफुड्स्'का विभिन्न प्रकार जस्तैः काजु किसमिस, बदाम, ओखरको प्रयोग गरेर परिकार बनाउन सकिन्छ । यिनीहरू एकदमै स्वास्थ्यवर्द्धक खानेकुरा हुन् । तर, यी खानेकुराको प्रयोग एकैपटक धेरै गर्नु भने हुँदैन। अलिअलि थोरैथोरै हरेक दिन खाने गरेमा स्वास्थ्यमा सकारात्मक असर पर्छ । भाइमसलामा शरीरलाई चाहिने पौष्टिक तत्त्व प्रशस्त मात्रामा पाइन्छ । यस्तो खानेकुराको प्रयोग हामीले हलुवा, खिरमा मिसाएर पनि खान सकिन्छ। यसको प्रयोगले खानेकुरा मीठो र स्वस्थकर हुन्छ।

भाइमसलाहरू महँगो हुन्छ। काजु, ओखर आदि थोरैथोरै धेरै प्रकारका खानेकुरा बनाएर खाए पनि पुग्छ सकिन्छ। सस्तो बदामलाई गरिबहरूको काजु भनिन्छ, तिहारमा 'बदाम' प्रयोग गरेर विभिन्न परिकार बनाउन सकिन्छ। यो बेलामा दाजुभाइलाई बाहिरबाट ल्याइएका खानेकुरा दिनुभन्दा घरमा नै बनाइएका विभिन्न प्रकारका खानेकुरा स्वस्थकर हुन्छ । बाहिरबाट ल्याइएका प्याकेटका खानेकुरा उपहार दिँदा दाजुभाइको स्वास्थ्यलाई झन् नकारात्मक असर पार्छ । यस्ता खानेकुरा ल्याएर दाजुभाइलाई 'माया गरेको' नठाने हुन्छ ।

हामीले तिहार पर्व दाजुभाइको दीर्घायु र सुस्वास्थ्यका लागि मनाउँछौं। त्यसैले उनीहरूको स्वास्थ्यको ख्याल राख्नु दिदीबहिनीको कर्तव्य हो । अहिले उपहारमा पनि अनेक फलफूलको जुस होइन, स्थानीय फलफूल नै दिनुपर्छ । बट्टाको फलफूलको जुसले शरीरमा धेरै बेफाइदा गर्छ। बट्टाको जुसहरूमा एकदमै धेरै चिनीको मात्रा हुन्छ । अहिलेको समयमा चिनीको प्रयोगले मानिसहरूलाई विभिन्न किसिमका समस्या आइपरेका छन् । त्यसमाथि यदि कसैका दाजुभाइ मधुमेहका बिरामी छन् भने त झनै समस्या हुन्छ। त्यसकारणले बारीमा, पसलमा सजिलै पाइने अम्बा, सुन्तला, अमला हलुवाबेदजस्ता खानेकुराले दाजुभाइको तिहार विशेष बनाऔं। खानेकुरा घरमा दाल, भात, तरकारी, माछामासु बनाउँदा पनि चिल्लो, पिरो कम गरी बनाउनुपर्छ। स्वादका लागि टमाटर, लप्सी, तिल, सिलाम, आलस, आलुको अचार बनाउन सकिन्छ । अचार खाँदा यसमा हालेको अमिलोमा भिटामिन 'सी' हुन्छ, त्यसले रोगसँग लड्ने शक्ति बढाउँछ। सरल र सहजरूपमा पाइने खानेकुराको प्रयोग गरेर पनि तिहार विशेष बनाउन सक्छौं।

चाडपर्व भन्दैमा खानेकुरा अव्यवस्थितरूपमा खानु हुँदैन । खानेकुराको व्यवस्थापन र उचित आहार स्वस्थ जीवनशैलीको प्रतीक हो । चिल्लो, पिरो, अमिलो तथा हरेक प्रकारका खानेकुरालाई व्यवस्थापन गर्न सकिन्छ। हरेक खानेकुरा समयमा खानाले स्वास्थ्य भई चाड मनाउन सकिन्छ । रमाइलो गर्ने हो तर स्वास्थ्यको ख्याल गर्दै गरेका हरेक कुरा हाम्रा लागि लाभदायक हुने गर्दछन् । चाडबाड मनाउँदै गर्दा स्वास्थ्यको क्षति नगरी हरेक खानेकुराले आफन्ती तथा दाजुभाइको स्वास्थ्यको ख्याल गर्नुपर्छ। *रासस*

*(लेखक पोषणविद् हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन्। त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ। रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ। तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ। उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन। उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ। उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ। समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस्।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ। रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस्।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने। घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने। नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस्।

# यमपञ्चकका पाँच दिन



पदम श्रेष्ठ

दसैंलगत्तैको पर्व तिहार कार्तिक कृष्ण त्रयोदशी तिथिदेखि कार्तिक शुक्ल द्वितीयासम्मका पाँच दिन हिन्दू धर्मावलम्बीहरूले हर्षोल्लासका साथ मनाउँदै छन्। जेन-जी आन्दोलनपछिको संवेदनशील अवस्थालाई ध्यानमा राखी यस वर्षको देउसीभैलो राति ९ बजेसम्म मात्र खेल्न पाइने सरकारले सूचना जारी गरेको छ । राजनीतिक उतारचढाव जे-जस्तो भए पनि नेपालीहरू आफ्नो भागमा परेको चाडपर्व समयसापेक्ष मनाउने गर्दछन्। यो नेपालीहरूको मौलिक पहिचान पनि हो।

दसैं तिहार दुई नभई एउटै विशुद्ध प्राकृतिक हावापानी सुहाउँदो पर्व मानिएको छ । हुन पनि चैत, वैशाख, जेठ गर्मीले सताउने, हुरी बतास, रोगव्याधीबाट ग्रस्त हुने, असार, साउन, भदौ बाढीपहिरोबाट आक्रान्त हुने र पुस, माघ, फागुनमा कठांग्रिने जाडोले सबैलाई सताउने गर्दछ। तर असोज-कात्तिकमा पर्ने शरद ऋतुमात्र यस्तो महिना हो, जुन महिनामा न धेरै जाडो, न धेरै गर्मी नै हुने गर्दछ।

रोग, भोक र शोकबाट राहत पाइने यस महिनालाई नै ज्योतिषको तिथिअनुरूप राष्ट्रिय विभूति शंखधर साख्वाले देशवासीको ऋण चुक्ता गरी नयाँ वर्ष नेपाल सम्वत् पनि चलाइदिएको विश्वास गरिन्छ । यो पर्व मान्ने परम्परा हजारौं लाखौं वर्ष प्राचीन भए पनि नेपाल राष्ट्रकै नाउँमा देशवासीका सम्पूर्ण ऋण चुक्ता गरी नयाँ नेपाल सम्वत सुरु गरिएको भन्ने गरिन्छ। यो पर्व मनाउने परम्परा हजारौं वर्षदेखि भए पनि नयाँ वर्ष नेपाल सम्वत् मनाउन थालिएकोचाहिँ ११४६ वर्षमात्र पुगेको छ। झिलिमिली बत्ती र फूलले शोभायमान हुने गर्दछ तिहार। यमपञ्चकको पाँच दिन निम्न रहेका छन्-

### कागतिहार

यमपञ्चकको पहिलो दिन काग तिहार मनाइने परम्परा छ । काग चतुर पक्षीका रूपमा लिइन्छ । सर्वभक्षी कागले कसैमाथि भेदभाव राख्दैन। कृषिप्रधान देश नेपालमा कागलाई बाली रक्षा गर्ने पक्षी मानिन्छ। उद्देश्य प्राप्तिका लागि काग चेष्टालाई बिर्सनुहुन्न। कथन, कागले समाचार दिन्छ । शुभ अशुभ समाचार दिने प्रकृतिमा रहेको सिनो फोहोर खाइदिएर वातावरणलाई सधैं स्वास्थ्य सफाइ गरिराख्ने भएकोले यस दिन कागलाई घरघरमा चोखो मिठो मसिनो मासुको परिकारसहित खान खुवाएर सम्मान गर्ने परम्परा छ।

### कुकुर तिहार

कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुर तिहार मनाइन्छ। 'नरक चतुर्दशी' पनि भनिने यस दिन कुकुरलाई यमदूतका रूपमा पुजिन्छ। यमराजका प्रिय भक्त कुकुर आज्ञापालक रक्षक अपराधी पत्ता लगाउने सहयोगी पनि हुने गर्दछ। कुकुरको उत्पत्ति सूर्यको कुलमा भएको शास्त्रीय कथन छ। यसले दैवी विपत्तिका घटनाको पूर्वसूचना पनि दिन्छ भने कुकुरले धर्मात्मा र पापी सजिलै चिन्दछ। कुकुरलाई भैरवको बाहन मानिन्छ। कुकुरलाई जीवन्त राख्न कुकुर पूजा गरिन्छ।

### गाई तिहार र लक्ष्मीपूजा

जनैपूर्णिमाको रक्षासूत्रलाई औंसीका दिन गाईको पुच्छरमा बाँधिदिए मृत्युपछि वैतरणी नदी तरिन्छ भनिन्छ। संस्कार गर्दा गाईको गोबरले लिपपोत र गहुँतले पवित्र पारिन्छ। गाईपूजा गरी घर-आँगन सफासुग्घर र साँझ लक्ष्मीपूजा हुन्छ। लक्ष्मीलाई धनधान्य र ऐश्वर्यकी प्रतीक मानी औंसीको रातलाई उज्यालो पार्दै लक्ष्मी आह्वान गरिन्छ। देवीदेवता र असुरमाथि विजयगरी राजा बलिले प्राप्त आकाश, पाताल र पृथ्वी वामन अवतारलाई दान गरे। यस दिन घर घरबाट समूह-समूह मिलेर देउसीभैलो खेलिन्छ । सेलरोटी, अन्न, फलफूल, नगद लिने दिने गरिन्छ भने यसै उपलक्ष्यामा भव्य नाचगानसमेत हुने गर्दछ।

### नेपाल सम्वत्, म्हपूजा र गोरू तिहार

गोरु किसानको साथी । कृषिमा कर्मयोगी गोपाली वंशजले थालेको गोठ पूजा संस्कार नै गोरु तिहारभित्र सामाजिक पक्ष हो । यस दिन नेवारमा आफ्नो जिउ आफैंले पुज्ने म्हपूजा हुने गर्दछ।

म्ह ले नेपाल भाषामा जिउ र पूजाको अर्थ सम्मान हो । नेपाल सम्वत्‌को पहिलो दिन कछलाथ्व पारू नयाँ वर्षको दिन नेवारहरूले आफ्नो जिउ आफैंले पूज्ने म्हपूजा गर्दछन् । यसदिन घरका सबै सुकुलमा लहरै रातो माटो, गोबरले लिपेको ठाउँमा बस्छन्। अष्टकलशको प्रतीक हातैले चामलको पिठो, गेडामास, आख्यो (सिंगो चामल) फलफूल, मिठाइ राखी मण्डला बनाइन्छ र खेलुइटा, माछा, अण्डा, दही, रक्सीको सगुन थकाली नर्की (घरकी मुली महिला)बाट खाइन्छ । सगुनअघि ताय/लावा, कालो भटमास, कटुस, सयपत्रीको फूल मिसाएर थकाली नकिड्ले टाउको, कुम, खुट्टामा छुवाउँदै शिरबाट खन्याइ जीवनमा बिघ्नबाधा पन्छाउँदै बाँच्ने आभार व्यक्त गरिन्छ।

यसरी म्हपूजा मनाउने क्रममा ७७ वर्ष सात महिना सात दिन सात पला सात घडी पार गरेका दिन नेवारमा जङ्कु गरिन्छ । जङ् भन्नाले जिउ-ढाड र कु को अर्थ भारी अर्थात् शरीरको भारी बिसाउने अवसरलाई भिं जङ्कु भनिए । त्यसैगरी दोस्रो ज्या जङ्कु वृद्धवृद्धाले एक हजार पल्ट पूर्ण चन्द्र देखेको वर्ष अर्थात् झण्डै ८० वर्षको हाराहारीमा गरिन्छ भने तेस्रो महारथारोहण ९९ वर्ष नौ महिना नौ दिन नौ पला नौ घडीका दिन हुन्छ।

### भाइटीका

कार्तिक शुक्ल द्वितीयाका दिन दाजुभाइ दिदी-बहिनीबीच विधिपूर्वक टीका लगाइ भाइ तिहार मनाइन्छ। यमपञ्चकका पाँच दिन यमराजले यमुनाघरमा बास गर्छन् भन्ने धार्मिक विश्वास छ। यस दिन दियो, कलश र गणेशको पूजा गर्ने गरिन्छ भने यमराजको आह्वान गर्ने, बिमिरो, ओखर, तेल, मखमलीको माला, टीका, कटुसको प्रयोग गरी दाजुभाइको समृद्धि, आरोग्य र दीर्घायुको कामना गर्दै एकआपसमा स्नेह, श्रद्धा, आस्था र विश्वासको आत्मीयता प्रकट गरिन्छ। दिदीबहिनीलाई दक्षिणा, वस्त्र दिइन्छ भने दाजुभाइलाई मसला रोटी दिई मनाइने भाइतिहारको महिमा उच्च छ।

यसरी मानिसलाई पशुभन्दा पृथक राखी दाजुभाइ-दिदीबहिनीप्रतिको मायाको डोरोले डोहोऱ्याइदिने परम्परा हो, भाइटीका। नेवार समाजमा अण्डा माछा, मिठाइका परिकार चिउरा मासुसहितको सगुन दिएर दिदीबहिनीले दाजुभाइलाई पूजा गरिन्छ भने अन्य समुदायमा दाजुभाइलाई यमराजको छायाँ नपरोस भन्दै मूल ढोकामा ओखर फुटाएर लामो आयुको कामना गर्दै मिठाइ, फलफूल खुवाएर भाइपूजा गर्ने परम्परा रहेको पाइन्छ।




**तिहारको किनमेल** | तिहार पर्वलाई लक्षित गर्दै धरानको मुख्य बजार भानुचोकस्थित घण्टाघरको सडकपेटीमा बिक्रीका लागि राखिएका भाइमसला किनमेल गर्दै सर्वसाधारण । *तस्बिरः रासस*

# गुञ्जिन छाडे पुराना भैली गीत

**कञ्चनपुर–** तिहारका बेला कञ्चनपुरसहित सुदूरपश्चिमका गाउँ-गाउँमा पुराना भैली (भैलो) गीत गुञ्जिन छाडेका छन् । आधुनिकताको प्रवेशसँगै घरघरमा पुगेर डिजेमा बजाइने देउसीभैली गीतमा नाच्ने प्रवृत्ति मौलाउँदै जाँदा पुराना भैली गीत गाउने चलन हट्दै जान थालेको हो ।

आधुनिक साउण्ड सिस्टममा गीतहरू बजाएर नाच्ने कार्यले पुरानो सांस्कृतिक परम्परालाई विस्थापित गर्दै लगेपछि मौलिक भैली गीत विस्तारै हराउँदै जान थालेका छन् । 'प्रत्येक गाउँमा घरघरमा पुगेर विशेषगरी काग तिहारदेखि भाइटीकाका दिनसम्म पुरुष र महिलाका छुट्टाछुट्टै समूहले आफ्नै पारामा एक जनाले भैली गीत गाउने र अरुले भटचाउने चलन थियो,' सुदूरपश्चिमको संस्कृतिका जानकार पूर्वशिक्षक शेरबहादुर भण्डारी भने, 'भैली गीत गाएर सकेपछि आशीष दिने चलन थियो, घरबेटीले भैली गाउन आएकाहरूलाई चामल, दान दक्षिणा दिएर बिदा गर्ने चलन थियो । अहिले पुराना भैली गीतहरू सुनिँदैनन्, आधुनिक तरिकाले बनाइएका देउसीभैलीका गीतहरू साउण्ड सिस्टममा बजाएर नाच्ने प्रवृत्ति मौलाउँदै गएको छ, जसले गर्दा पुरानो संस्कृति हराउँदै गएको छ ।'

तिहारका बेला घरघरमा पुगेर समूहमा गाइने भैली गीत सुदूरपश्चिमको संस्कृति र सामुदायिक एकताको प्रतीक मानिन्थ्यो । तर अहिले युवापुस्ताले डिजे, आधुनिक गीत र नाचगानलाई प्राथमिकता दिन थालेपछि पुरानो परम्परा लोपोन्मुख बन्न थालेकोप्रति उनी चिन्ता प्रकट गर्छन् ।

सुदूरपश्चिमका पहाडी जिल्ला डडेल्धुरा, बैतडी, दार्चुला, डोटी, बझाङसँगै ती जिल्लाबाट तराईका कैलाली, कञ्चनपुर बसाइँसराइ गरी झरेका समुदायका युवायुवतीले साँझदेखि राति अबेरसम्म भैली गाउँदै रमाइलो गर्ने चलन थियो । 'भैली गाएर पाएको अन्न, पैसा र आशीर्वादले पर्वको स्वाद फरक हुन्थ्यो,' कञ्चनपुरको बेदकोट नगरपालिका दैजीकी ७२ वर्षीया बासुदेवी पाण्डेय भन्छिन्, 'अब त गाउँघरमा पुराना भैलीका स्वर सुनिँदैन, सब ठाउँमा साउण्ड सिस्टममा देउसीभैलीका आधुनिक गीतहरू मात्रै बज्छन् ।'

शुक्लाफाँटा नगरपालिका-२ का शिक्षक राजबहादुर साउद भन्छन्, 'पुराना भैलीलगायत सुदूरपश्चिमको संस्कृति जोगाउनका लागि सबैले अगाडि सर्नुपर्ने बेला आएको छ, पुराना मौलिक गीत र संस्कृतिबारे स्थानीय पाठ्यक्रममै लेख्ने व्यवस्था गरेर बालबालिकालाई सानै उमेरदेखि संस्कृति बुझ्ने अवसर प्रदान गर्नुपर्छ ।'

नासिँदै गएको संस्कृति जोगाउनका लागि समाजका अगुवाहरूले अगाडि सर्नुपर्ने उनी बताउँछन् । 'डिजे संस्कृतिले गाउँघरका गीत, असल परम्परा, मौलिक संस्कृतिलाई विस्थापन गरेको छ,' शिक्षक साउदले भने, 'युवाहरूलाई भैली सिकाउने अवसर र वातावरणको सृजना गर्नु अत्यन्त आवश्यक छ, संरक्षणको प्रयास भएन भने केही वर्षमै भैली गीत बूढापाकाहरूको सम्झनामा मात्र सीमित हुने छ ।' *रासस*

# ३७७ प्रहरी सहायक निरीक्षक दीक्षित

**चितवन (प्रस)–** नेपाल प्रहरी शिक्षालय भरतपुरबाट ३७७ जना प्रहरी सहायक निरीक्षक दीक्षित भएका छन् । प्रहरी सहायक निरीक्षक आधारभूत तालिम (२-१७९)औं समूहलाई प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले आइतबार एक कार्यक्रमबीच दीक्षित गरेका हुन् ।

दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उनले प्रहरी संगठनको गरिमा बढाउँदै कर्तव्य निष्ठ भएर काम गर्न निर्देशन दिए । उनले भने, 'संगठनको गरिमालाई जोगाउँदै तालिममा सिकेका विषयलाई पालन गरी कर्तव्यमा लाग्न निर्देशन गर्दछु ।' जनतासँग प्रत्यक्ष काम गर्नुपर्ने भएकाले संगठनप्रति इमान्दार हुँदै काम गर्नुपर्ने उनले बताए ।

प्रहरीको उपस्थिति र इमानदारिताले मात्र पनि आमनागरिकले सुरक्षाको प्रत्याभूति गर्ने भन्दै प्रहरी महानिरीक्षक खापुङले प्रहरीको उपस्थितिलाई निश्चित समयको बसाइभन्दा पनि एक अवसरका रूपमा लिन आग्रह गरे । प्रहरीको कर्म र धर्म नै नागरिकको सेवा हो भन्दै उनले देशका दुई हजार ६६० वटा युनिटमार्फत अविछिन्न सेवा दिँदै आएको प्रहरी समाजका हरेक घटनाको पहिलो जवाफदेही भएकाले सोहीअनुसार काम गर्न उनले आग्रहसमेत गरे ।

दीक्षान्त समारोहमा दीक्षित भएका २०८१ मंसिर ७ गतेदेखि तालिममा सहभागी भएका थिए । ५३ जना महिलासहित ३७७ जना प्रहरी सहायक निरीक्षक दीक्षित भएका हुन् ।

कार्यक्रममा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका निर्देशक प्रहरी नायब महानिरीक्षक दीपेन्द्र जिसी, शिक्षालयका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्रबहादुर खत्री, प्रहरी नायब उपरीक्षक अर्जुन केसीलगायतले आ-आफ्नो धारणा राखेका थिए । दीक्षान्त समारोहमा दीक्षित भएका परिवारका सदस्यको उपस्थिति थियो ।

# खाँदबारी-किमाथांका सडक ८० दिनपछि सञ्चालन

**खाँदबारी (संखुवासभा)–** कोशी राजमार्गअन्तर्गत खाँदबारी-किमाथांका सडक अवरुद्ध भएको ८० दिनपछि पुनः सञ्चालनमा आएको छ । भोटखोला गाउँपालिका-३ का समटार र अल्फाटे क्षेत्रमा गएको पहिरोका कारण गत भदौ १५ गतेदेखि सडक अवरुद्ध भएको थियो ।

लामो समयदेखि निरन्तर गरिएको मर्मत तथा पहिरो पन्छाउने कामपछि सडक सञ्चालनमा आएको उत्तर-दक्षिण कोशी सडक आयोजना कार्यालयले जानकारी दिएको छ । स्थानीयवासी, निर्माण व्यवसायी र आयोजना कार्यालयको संयुक्त प्रयासमा सडक सञ्चालन गर्न सफल भएको आयोजनाका प्रमुख रामबहादुर गुरुङले बताए । 'कठिन भूगोल र लगातारको वर्षाका कारण मर्मत कार्यमा ढिलाइ भएको थियो,' उनले भने, 'करिब ८० दिनको निरन्तर प्रयासपछि सडक सञ्चालनमा ल्याउन सफल भएका छौं ।'

सडकमा ढुंगा 'सोलिङ' र 'ग्राभेलिङ' कार्य सम्पन्न भइसकेको भन्दै उनले हाल एकतर्फी सवारी सञ्चालन भइरहेका जानकारी दिए । सडक खुलेसँगै वरुण नदीमा बनेको पक्की पुलमार्फत सवारीसाधन आवागमन सुरु भएका छन् ।

सडक बन्द रहँदा भोटखोला, मकालुलगायत दुर्गम क्षेत्रका बासिन्दा दैनिक उपयोग्य वस्तुको आपूर्ति, औषधि र निर्माण सामग्रीको अभावमा परेका थिए । यसअघि दैनिक आवागमनका साथै स्वास्थ्य, शिक्षा र प्रशासनिक सेवामासमेत पहुँच गुमाइएको स्थानीयले बताएका छन् । सडक सञ्चालनमा आएपछि खाँदबारीबाट भोटखोला, हटिया र थोगाङ खोलासम्म सवारीसाधन सञ्चालन गर्न सकिने आयोजनाले जनाएको छ ।

भोटखोला गाउँपालिकाका अध्यक्ष वाङछेदर भोटेले लामो अवरोधपछि सडक सञ्चालनमा आउँदा स्थानीयवासीमा खुसी छाएको बताए । 'करिब ८० दिनपछि सडक खुलेकामा हामी अत्यन्त खुसी छौं,' उनले भने, 'अब पुनः अवरोध नहोस् भनेर स्थानीयस्तरबाट पनि संरक्षण र मर्मतमा जुट्नेछौं ।'

कोशी राजमार्ग पूर्वी नेपालको प्रमुख व्यापारिक तथा रणनीतिक मार्ग हो । यसले चीनको सीमा किमाथांकासम्म जोड्ने लक्ष्य राखेको छ । सडक सञ्चालनमा आएपछि दुर्गम क्षेत्रको जनजीवन र आर्थिक गतिविधिमा सहजता आउने अपेक्षा गरिएको छ । *रासस*


**मलेसियामा रोजगार** — कम्पनी : ZMZ SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 332706 | चलानी नं. ६०२४६३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका लागि विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**कुवेतमा रोजगार** — कम्पनी : HALO RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 332660 | चलानी नं. ६०२४६३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT | 5 | 0 | 150 | ६९,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BARISTA | 10 | 15 | 150 | ६९,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**मलेसियामा रोजगार** — कम्पनी : KOR SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332599 | चलानी नं. ६०२४६३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ५६,६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

**साउदीमा रोजगार** — कम्पनी : RAKAN ALI AL-RUWAILI COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332667 | चलानी नं. ६०२४६३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 2 | 0 | 1000 | ३७,६०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

DECENT EMPLOYMENT PVT. LTD.
LIC. 904/067/068
KMC-26, Samakhushi, Kathmandu, Nepal, Ph. No: +977-015903104,9851330036,9867109191
E-mail : infodecent068@gmail.com, Website : www.decentemployment.com.np

**कुवेतमा रोजगार** — कम्पनी : ECOVERT GENERAL TRADING AND CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 302744 | चलानी नं. ६०२१७५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 250 | 91 | 85 | ३९,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | House Keeping | 25 | 100 | 85 | ३९,३१० | | | | | | | |
| 3 | Security Guards | 100 | 80 | 125 | ५७,८१० | | | | | | | |
| 4 | Tea Boy | 30 | 0 | 100 | ४६,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Email: info@manpoweragencynepal.com

**Mauritius मा रोजगार** — कम्पनी : CHINA JIANGSU INTERNATIONAL ECONOMIC AND TECHNICAL COOPERATION GROUP, LTD

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 332474 | चलानी नं. ६०२१८००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 120 | 0 | 20000 | ६२,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 20000 | ६२,६९५ | | | | | | | |
| 3 | Mason. | 200 | 0 | 20000 | ६२,६९५ | | | | | | | |
| 4 | Steel Fixer | 120 | 0 | 20000 | ६२,६९५ | | | | | | | |
| 5 | TILE MASON | 50 | 0 | 20000 | ६२,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



**लम्कीचुहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भल्का, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति :- २०८२/०७/०२

मिति २०८२।०५।०५ गते प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको न्यूनतम मूल्यांकित सारभूत रुरूपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना सार्वजनिक बिदा बाहेक ७ दिनका लागि प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | छनौट भएका बोपत्रदाताको नाम र ठेगाना | कबोल रकम |
|---|---|---|---|---|
| १. | 02/LCM/G/2082/083 | Procurement of Motor Grader | Spark Automotives Pvt. Ltd. Tindhara marga-01, Kathmandu | 11400000 |
| २. | 03/LCM/G/2082/083 | Procurement of Backhoe Loader | MAW Earth Movers Pvt. Ltd | 5790000 |

प्रमुख प्रशासकीय अधिकृत



**त्रियुगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
गाइघाट, उदयपुर, कोसी प्रदेश नेपाल

**हार्दिक शुभकामना**

नेपालीहरूको महान् चाड शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस नगरवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरूमा सुख, शान्ति, समृद्धि छाओस, लक्ष्मीले बास गरुन् विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सु-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नगरवासीहरूमा जनहितमा जारी सन्देश**

- शुभ दीपावली र छठ पर्वको बेला विस्फोटक पदार्थ (आतिसबाजी) को प्रयोग नगरौं । यसले भौतिकसहित मानविय नोक्सानी गर्छ ।
- तिहारको समयमा सरसफाईमा आफै जागरुक बनौ । छठ पर्वको समयमा नजिकका खोलानदी सफा र सुन्दर पारौं ।
- समुदायलाई स्थायी रुपमा यस्ता संरचनाको सुधारका लागि अभिप्रेरित गरौं ।
- पटकाजन्य पदार्थबाट बालबालिकालाई टाढै राखौं । आगलागी, अंगभंगलगायतका घटना हुन सक्ने भएकाले सावधानी अपनाऔं ।
- पर्व मनाउने नाममा अरुलाई हानी हुने कुनै काम नगरौं । देउसीभैलोका नाममा अनावश्यक रकम माग गरेर त्रास नफैलाऔं ।
- चाडवाडका बेलामा बजारमा अखाद्य वस्तु धेरै देखिन्छन् । सामान खरिद गर्दा ख्याल गरौं र गुणस्तरहीन सामानबारे सरोकारवाला निकायमा खबर गरौं । स्वस्थ्य माछामासुको प्रयोग गरौं ।
- चाडपर्वको बेलामा दुर्घटना बढ्न सक्छ । ट्राफिक नियमको पालना गरौं । क्षमताभन्दा बढी यात्रा नगरौं । चाडपर्वको बेलामा घरबाट टाढा नजाऔं । आफ्नो सम्पतिको सुरक्षा गरौं ।
- चोरीलगायतका अपराध बढिरहेकाले आफै सचेत बनौं र, समुदायलाई सचेत बनाउन सहयोग गरौं । सांस्कृतिक पर्वहरु हाम्रा धरोहर र परम्परा हुन । यसको सही तरिकाले जगार्न र संरक्षण गरौं ।
- चाडपर्वको बेलामा सामाजिक सुधारको काममा अग्रसर बनौं । गाउँटोल सरसफाईमा विशेष ध्यान दिऔं । रचनात्मक कार्यका लागि सहकार्य गरौं ।
- चाडपर्वको खुसीयालीमा वृक्षारोपणलगायतका रचनात्मक कार्यमा अग्रसर बनौं । सामाजिक सुधारका लागि समुदायमा बसेर छलफल गरौं ।
- चाडपर्वको बेलामा अभावमा रहेकालाई सहयोग गरौं । पुण्यको काम गरौं र सकारात्मक कार्यमा अग्रसर बनौं।
- चाडपर्वका नाममा विकृतिविरुद्ध अघि सरौं । देउसीभैलो कार्यक्रमलाई व्यवस्थित तरिकाले संचालन गरौं ।
- चाडपर्वको मेसोमा जुवातास नखेलौं । गैरकानुनी रुपमा हुने गरेका जुवातास नियन्त्रणका लागि नजिकको प्रहरीलाई खबर गरौं ।
- मादक पदार्थरहित चाडपर्वमा रमाऔं । चाडपर्वको बेलामा खानपानमा विशेष ख्याल गरौं ।
- चाडपर्वको बेलामा अनावश्यक फजुल खर्च नगरौं । मितव्ययी बनौं र गच्छेअनुसारको खर्च गरौं ।

श्री बसन्त कुमार बस्नेत — नगर प्रमुख
श्री महेश्वरी राई — उप-प्रमुख

प्रभाव दैनिक




## 'वरिष्ठ बलराम'मा विजय बराल

कात्तिक ६ गते भाइटीकाका दिन चलचित्र 'वरिष्ठ बलराम' रिलिज हुँदा फेरि एकपटक विजय बरालको अभिनय देख्न पाइने छ । 'पूर्णबहादुरको सारंगी'मा बूढो गाइनेको भूमिकामा देखिएका विजय यो चलचित्रमा योङ एण्ड इनर्जेटिक पात्रमा देखिने छन् । जहाँ उनले समाजमा वरिष्ठको छवि बनाएर बसेको व्यक्तिलाई चुनौती दिन्छन् । राज्य प्रशासनसमेत आफ्नो मुठ्ठीमा लिएर बसेको दयाहाङको पात्रलाई ठेगान लगाउने भन्दै हिँड्ने उनको क्यारेक्टर छ ।



सोमबार, ०३ कात्तिक २०८२ (Monday, 20 October 2025)

# 'परान'जस्ता चलचित्र विरलै प्रस्ताव भएका छन्: अभिनेता शाह



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता नीर शाहले आफ्नो लागि चलचित्र 'परान' विशेष रहेको बताएका छन् । चलचित्र 'परान' को श्रव्यदृश्य (ट्रेलर) सार्वजनिक भएसँगै उनले आफ्नो झण्डै छ दशकको कलाकारिता यात्रामा यो चलचित्र एउटा परीक्षा भएको बताए ।

उनले भने, 'मैले चलचित्रमा धर्मनाथको भूमिका निर्वाह गरेको छु । यो पात्रसँग कहीँकतै मेरो मनोविज्ञान जोडिएको छ, सोही कारण यसको कथा सुन्नेबित्तिकै मैले अभिनय गर्न सहमति दिएको हुँ । मेरो चलचित्रकर्मीमा यस्ता प्रस्ताव निकै कम आएका छन्, त्यसैले मैले यो भूमिका निर्वाह गरेँ । यसले अहिलेको नेपाली समाजको चित्रण गरेको छ ।'

अभिनेता शाहले चलचित्रमा आफूले पात्रलाई निर्वाह गर्न सतप्रतिशत मिहेनतको भन्दै यसको मूल्यांकन दर्शकले गर्ने बताए । अभिनेता मदनकृष्ण श्रेष्ठसँगै अन्य सहकर्मी कलाकारसँग चलचित्रमा काम गर्दा केही नयाँ विषयबारे सिक्ने अवसर पाएको उनले धारणा राखे ।

'मेरा लागि यो एउटा पाठशालाझैं भयो । मेरा सहकर्मी कलाकारसँग धेरै र नयाँ कुरा सिक्न र बुझ्न पाएँ । मैले अभिनय गरेको छ दशक हुँदा आफूले निर्वाह गरेको यो भूमिकाका बारेमा मैले भन्ने धेरै कुरा छैन, दर्शकले चलचित्र भवनसम्म पुगेर मूल्यांकन गरिदिनुहुने छ भन्ने विश्वास छ,' अभिनेता शाहले भने । उनले दर्शकलाई चलचित्र हेरेर मूल्यांकलन गरिदिन आग्रह पनि गरे ।

अभिनेत्री केकी अधिकारीले चलचित्रले एउटा परिवारमार्फत वर्तमान समाज र देशलाई चित्रण गरेको बताइन् । उनले भनिन्, 'यो कथा सबैसँग जोडिएको छ । एउटा परिवारमा सबैले राम्रो गर्न खोज्दाखोज्दै पनि आउने घटनाक्रम चलचित्रको विषय हो । यो चलचित्रमा देखाएजस्तो परिवार सबैको चाहना हुन्छ, मैले यसमा माइली बुहारीको भूमिका निर्वाह गरेकी छु ।'

निर्देशक दीपकप्रसाद आचार्य 'काकु' ले चलचित्र 'परान' को मुख्य कथा आफ्नै परिवारको भए पनि यसले अधिकांश नेपालीको व्यथा देखाउन खोजेको विश्वास व्यक्त गरे ।

'यो कथाको कल्पना मलाई मेरो परिवारबाट आएको हो । तर, चलचित्र हेर्दा सबैले मेरो कथा वा मेरो समाजको कथा भन्नुहुने छ । मैले एउटा कथाकार वा निर्देशकका रूपमा देखेको पात्रलाई सबै कलाकारले जीवन बनाउनुभएको छ । म पहिलो निर्देशकीय चलचित्रमा पात्रलाई न्याय गर्ने कलाकारसँग काम गर्न पाउँदा निकै उत्साहित छु,' उनले भने ।

परिवार, सम्बन्ध र संघर्षको कथालाई प्रस्तुत गरिएको उक्त चलचित्रमा अभिनेता शाह र अभिनेत्री अधिकारीसँगै मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, महेश त्रिपाठी, प्रविन खतिवडा, यमन श्रेष्ठ, बुद्धि तामाङ, बबिन राईलगायत कलाकारले अभिनय गरेका छन् ।

शेखर गोल्छा र रञ्जित आचार्यले संयुक्तरूपमा निर्माण गरेको उक्त चलचित्रमा शिवराम श्रेष्ठले छायांकन, मित्र डी गुरुङले सम्पादन र गगन थापामगरले संगीत सिर्जना गरेका छन् । चलचित्र यही कात्तिक १४ गतेदेखि नेपालभर प्रदर्शन हुने श्रव्यदृश्य सार्वजनिक गर्न शनिबार यहाँ आयोजना गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

# कवि किरातीलाई विशिष्ट सम्मान

■ प्रभाव संवाददाता





**काठमाडौं–** नेपाली प्रतिभा प्रतिष्ठान बेलायतले वरिष्ठ कवि जसराज किराती (खोटाङ) लाई 'विशिष्ट प्रतिभा सम्मान-२०२५' प्रदान गर्ने भएको छ । यसैगरी युवा पत्रकार तथा लेखक धनुषा जनकपुरधामकी विजेताकर्ण चौधरीलाई 'प्रतिभा पुरस्कार-२०२५' प्रदान गर्ने निर्णय गरेको प्रतिष्ठानका महासचिव चोक गुरुङले जानकारी दिए ।

दुवै पुरस्कारको राशि एक लाख रूपैयाँसहित ताम्रपत्र रहेको छ । बेलायत कर्मथलो बनाएका नेपाली स्रष्टाहरूले सन् २००८ मा स्थापित गरेको प्रतिष्ठानले हालसम्ममा नवीन विभास, कुबेर राई, उपेन्द्र सुब्बा, श्रवण मुकारुङ, मोमिला जोशी, राजकुमार दिक्पाल, भूपाल राई, बीबी अनुरागी, टीका चाम्लिङ, फूलमान बल, बलराम अधिकारी, शुभ मुकारुङ, विमला तुम्खेवा, गणेश गुरुङ, सुदिप पाखिन, प्रदीप मेन्याङ्बो र सन्ध्या सुब्बालाई प्रतिभा पुरस्कार प्रदान गरिसकेको छ ।

यसैगरी अग्रज स्रष्टाहरू ईश्वर मानन्धर, अम्बर गुरुङ, जीवी लुगुन, भक्तराज आचार्य, प्रा.डा. गोविन्दराज भट्टराई, बुँद राना, टेकवीर मुखिया, प्रद्युम्न श्रेष्ठ, भागीरथी श्रेष्ठ, बेणु आचार्य, दावा ग्याल्मो, गोपाल पराजुली, राजेन्द्र बिमल, डा. कृष्णहरि बराल, दीप श्रेष्ठ, गणेश रसिक र राजेश्वर थापालाई प्रतिभा सम्मान प्रदान गरिसकेको छ ।


## विष्णुपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सप्तरी, मधेस प्रदेश नेपाल

## हार्दिक शुभकामना

नेपालीहरूको महान् चाड शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस गाउँवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरूमा सुख, शान्ति, समृद्धि छाओस, लक्ष्मीले बास गरुन् विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सू-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### गाउँबासीहरूमा जनहितमा जारी सन्देश

- शुभ दीपावली र छठ पर्वको बेला विस्फोटक पदार्थ (आतिसबाजी) को प्रयोग नगरौं । यसले भौतिकसहित मानविय नोक्सानी गर्छ ।
- तिहारको समयमा सरसफाईमा आफै जागरुक बनौ । छठ पर्वको समयमा नजिकका खोलानदी सफा र सुन्दर पारौं ।
- समुदायलाई स्थायी रुपमा यस्ता संरचनाको सुधारका लागि अभिप्रेरित गरौं ।
- पटकाजन्य पदार्थबाट बालबालिकालाई टाढै राखौं । आगलागी, अंगभंगलगायतका घटना हुन सक्ने भएकाले सावधानी अपनाऔं ।
- पर्व मनाउने नाममा अरुलाई हानी हुने कुनै काम नगरौं । देउसीभैलोका नाममा अनावश्यक रकम माग गरेर त्रास नफैलाऔं ।
- चाडवाडका बेलामा बजारमा अखाद्य वस्तु धेरै देखिन्छन् । सामान खरिद गर्दा ख्याल गरौं र गुणस्तरहीन सामानबारे सरोकारवाला निकायमा खबर गरौं । स्वस्थ्य माछामासुको प्रयोग गरौं ।
- चाडपर्वको बेलामा सामाजिक सुधारको काममा अग्रसर बनौं । गाउँटोल सरसफाईमा विशेष ध्यान दिऔं । रचनात्मक कार्यका लागि सहकार्य गरौं ।
- चाडपर्वको खुसीयालीमा वृक्षारोपणलगायतका रचनात्मक कार्यमा अग्रसर बनौं । सामाजिक सुधारका लागि समुदायमा बसेर छलफल गरौं ।
- चाडपर्वको बेलामा अभावमा रहेकालाई सहयोग गरौं । पुण्यको काम गरौं र सकारात्मक कार्यमा अग्रसर बनौं।
- चाडपर्वका नाममा विकृतिविरुद्ध अघि सरौं । देउसीभैलो कार्यक्रमलाई व्यवस्थित तरिकाले संचालन गरौं ।
- चाडपर्वको मेसोमा जुवातास नखेलौं । गैरकानुनी रुपमा हुने गरेका जुवातास नियन्त्रणका लागि नजिकको प्रहरीलाई खबर गरौं ।
- मादक पदार्थरहित चाडपर्वमा रमाऔं । चाडपर्वको बेलामा खानपानमा विशेष ख्याल गरौं ।
- चाडपर्वको बेलामा अनावश्यक फजुल खर्च नगरौं । मितव्ययी बनौं र गच्छेअनुसारको खर्च गरौं ।
- चाडपर्वको बेलामा दुर्घटना बढ्न सक्छ । ट्राफिक नियमको पालना गरौं । क्षमताभन्दा बढी यात्रा नगरौं । चाडपर्वको बेलामा घरबाट टाढा नजाऔं । आफ्नो सम्पतिको सुरक्षा गरौं ।
- चोरीलगायतका अपराध बढिरहेकाले आफै सचेत बनौं र, समुदायलाई सचेत बनाउन सहयोग गरौं । सांस्कृतिक पर्वहरु हाम्रा धरोहर र परम्परा हुन । यसको सही तरिकाले जगर्न र संरक्षण गरौं ।

**श्री उमेश प्रसाद यादव**
अध्यक्ष

**श्री रेणु कुमारी यादव**
उपाध्यक्ष


रंगशाला

# गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको काम ४० प्रतिशत



■ प्रभाव संवाददाता

**चितवन–** भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर ाष्ट्रिय क्रिकेट रंगशालाको काम ४० प्रतिशत सम्पन्न भएको छ । भरतपुर महानगरपालिकाले प्रदेश र संघीय सरकारको सहयोगमा रंगशाला निर्माण गरेको हो ।

भरतपुर महानगरका इञ्जिनियर घनश्याम मिश्रका अनुसार हाल प्यारापिट र दुईवटै टावरको दोस्रो तलाको काम भइरहेको छ । प्याराफिट र टावरमा फर्मा र डण्डी बाँध्ने काम भइरहेको जनाउँदै उनले टावरको वाल निर्माण गर्ने कामसमेत भइरहेको बताए । उनका अनुसार टावर तीन तलाको हुने छ ।

'प्यारापिटको पछाडिपट्टि कोठा निकाल्न ढलानको काम हुँदै छ । रंगशालामा चारवटा प्यारापिट र दुईवटा टावर रहेका छन्,' मिश्रले भने, 'दैनिक १२२ जनाले काम गरिरहेका छन् । तिहार लागेसँगै मुस्लिम समुदायका २५-३० जनाले मात्र काम गर्ने छन् । छठपछि कामले तीव्रता पाउने छ ।' ठेक्का सम्झौताअनुसार यतिबेला ४८ प्रतिशत काम हुनुपर्नेमा सम्झौता गरेअनुरूप केही ढिलो भएको उनले बताए ।

धुर्मुस-सुन्तली फाउन्डेसनले काम गर्न नसकेपछि महानगरलाई उक्त परियोजना हस्तान्तरण गरिएको थियो । हिमालयन कालिञ्चोक बिबिआर जेभीले रंगशाला निर्माणको जिम्मा पाएको छ । २०८३ पुस २२ गतेसम्ममा रंगशाला निर्माण सम्पन्न गर्नेगरी ७८ करोड ५० लाख ९१ हजार रूपैयाँमा ठेक्का लगाइएको महानगरले जनाएको छ ।

पहिलो चरणको काम सम्पन्न भएपछि यहाँ अन्तर्राष्ट्रियस्तरका खेल आयोजना गर्न सकिने छ । पहिलो चरणमा जम्मा १५ हजार जना दर्शक अट्ने प्यारापिट, दुई वटा भिआइपी टावर, मैदानसहित पाँच वटा पिच, ड्रेनेज (पानी निकास), रेलिङ, बाटो, पार्किङ क्षेत्र निर्माण गरिने महानगरका इञ्जिनियर मिश्रले जानकारी दिए । उनका अनुसार थप क्षमताका लागि दोस्रो चरणमा काम गरिने छ ।

त्रिभुवन विश्वविद्यालयका नाममा रहेर कृषि तथा वनविज्ञान विश्वविद्यालयले उपयोग गरिरहेको २० बिघा १९ कट्ठा जमिनमा रंगशाला निर्माण भइरहेको हो । यो भरतपुर महानगरपालिका-१५ मा पर्दछ । अन्तर्राष्ट्रियस्तरका खेल खेल्न मिल्नेगरी रंगशाला निर्माण भइरहेको हो ।

# हङकङ सिक्सेसमा नेपालले सहभागिता जनाउँदै

**काठमाडौं (प्रस)–** हङकङ क्रिकेट संघको आयोजनामा हुने 'हङकङ सिक्सेस' प्रतियोगितामा नेपालले भाग लिने भएको छ । आगामी नोभेम्बर ७ देखि ९ तारिखसम्म आयोजना हुने उक्त प्रतियोगिताका लागि नेपाल क्रिकेट संघ (क्यान) ले शरद् भेषावकरको कप्तानीमा सात सदस्यीय नेपाली टोलीको घोषणा गरेको हो ।

क्यानले कप्तान शरद्सँगै सन्दीप जोरा, लोकेश बम, बसिर अहमद, आदिल अन्सारी, रशिद खान र रूपेश सिंह छन् । प्रतियोगितामा नेपालसहित विभिन्न १२ राष्ट्रको सहभगिता रहने छ । चार समूहमा विभाजन गरिएको उक्त प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ । नेपालको समूहमा दक्षिण अफ्रिका र अफगानिस्तान छन् । त्यसैगरी समूह 'बी' मा अस्ट्रेलिया, इंग्ल्याण्ड र युएई, समूह 'सी' मा भारत, पाकिस्तान र कुवेत छन् भने समूह 'डी' मा श्रीलंका, बंगलादेश र हङकङ छन् ।


## Bagchaur Municipality
## Office of the Municipal Executive
### Bagchaur, Salyan

## Invitation for E-Bids

### Notice for Addendum of Bids

### First Date of publication: 20th October, 2025

This is to notify that the notice published on **17/09/2025, Contract ID No: BM-SAL-WORKS-NCB-01-2082/83** Construction of 10 Bed Primary Hospital Building At Bagchaur Municipality -02, Salyan has been modified as follows with all other information being the same please visit **PPMO website: www.bolpatra.gov.np/egp** to observe the modified Bid Document.

| S.N | Relevent clause no. | Existing Clause | Modified Clause |
|---|---|---|---|
| 1 | 2.3.2 Average Annual Construction Turnover and 2.3.3 Financial Resources | Not Attached in Bid Document | Attached in Bid Document |
| 2 | GCC 53.1 | The Contract *[“Is or is not”]* subject to price adjustment | The Contract *[“is not”]* subject to price adjustment |

**In case of any queries or confusion , please contact ( 9868576841) at the office time.**

**Chief Administrative Officer**

# अमेरिकाभर 'नो किङ्ग्स' ¥याली

## ट्रम्पको अधिनायकवादी शैलीविरुद्ध लाखौं प्रदर्शनकारी सडकमा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कठोर नीति र अधिनायकवादी व्यवहारविरुद्ध शनिबार देशभरै 'नो किङ्ग्स' नामक विशाल प्रदर्शन गरिएको छ ।

सबै ५० अमेरिकी राज्यका सहर-सहरमा लाखौं मानिस लोकतन्त्रको पक्षमा र राष्ट्रपति ट्रम्पको नीतिविरुद्ध सडकमा उत्रिएका थिए । आयोजकहरूका अनुसार न्युयोर्कदेखि लस एन्जलससम्म फैलिएको यो आन्दोलनमा करिब ७० लाखभन्दा बढी नागरिकले सहभागिता जनाएका थिए । फ्लोरिडास्थित ट्रम्पको निवास नजिक र अमेरिकी हार्टल्याण्डका साना सहरहरूमासमेत विरोध प्रदर्शन भएका थिए ।

वासिङ्टनस्थित अमेरिकी क्यापिटल नजिकै हजारौं प्रदर्शनकारीले 'लोकतन्त्र यस्तो देखिन्छ !' भन्ने नारा लगाउँदै सरकारको दीर्घकालीन बन्द (सटडाउन) विरुद्ध पनि आक्रोश प्रकट गरेका थिए । रंगीन पोस्टरहरूमा 'लोकतन्त्रको रक्षा गरौं' भन्ने सन्देश झल्किन्थ्यो भने कतिपयले आप्रवासीमाथि दमन गर्ने अध्यागमन तथा भन्सार प्रवर्तन (आइसिई) निकायको अन्त्य गर्न माग गरेका थिए ।

न्युयोर्कको ६९ वर्षीया सेवानिवृत्त कोलिन हफम्यानले आँसु झर्दै भनिन्, 'लोकतान्त्रिक देशको मृत्यु आफ्नै आँखाबाट हेर्नुपर्ने दिन आउने छ भन्ने मैले कहिल्यै सोचेकी थिइनँ । हामी अहिले संकटमा छौं- यो शासनको क्रूरता र अधिनायकवादले हामीलाई घुँडा टेकाउन खोजिरहेको छ ।'

लस एन्जलसमा प्रदर्शनकारीहरूले डाइपर लगाएको ट्रम्पको विशाल बेलुन आकाशमा उडाए । कतिपयले हालैका विश्वव्यापी विरोधहरूमा प्रचलित 'खोपडी लोगो' अंकित झण्डा फहराएका थिए । ह्युस्टनमा 'अज्ञानताविरुद्ध लडौं, आप्रवासीविरुद्ध होइनौं' भन्ने सन्देशले नागरिकको ध्यान खिचेको थियो ।

प्रदर्शन अधिकांश ठाउँमा शान्तिपूर्ण रहे पनि लस एन्जलसको डाउनटाउनमा केही भिड नियन्त्रणका क्रममा प्रहरीले गैरघातक गोली र अश्रुग्याँस प्रयोग गरेको लस एन्जलस टाइम्सले जनाएको छ । लस एन्जलस प्रहरीले 'कानुनी आदेशपछि प्रदर्शनकारीहरूलाई तितरबितर गरियो' भने पनि गिरफ्तारीबारे विवरण सार्वजनिक गरिएको थिएन ।

न्युयोर्कमा करिब एक लाखभन्दा बढी र वासिङ्टनमा आठदेखि १० हजारसम्म प्रदर्शनकारीको भीड अनुमान गरिएको थियो । आयोजकहरूको उपस्थिति तथ्यांक स्वतन्त्र रूपमा पुष्टि हुन सकेको थिएन ।

राष्ट्रपति ट्रम्पले भने आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत प्रतिक्रिया दिँदै आफूलाई राजाको रूपमा चित्रण गर्ने एआई-निर्मित भिडियोहरूको शृंखला सार्वजनिक गरे । एउटामा उनलाई मुकुट लगाएर लडाकु जेट उडाउन र विरोधीहरूलाई अपमानित गर्ने दृश्य देखाइएको थियो । उनका सहयोगीहरूले पनि प्रदर्शनलाई 'घृणा अमेरिका ¥याली' भन्दै व्यंग्य गरेका थिए । सदनका अध्यक्ष माइक जोनसनले प्रदर्शनकारीहरूलाई 'मार्क्सवादी, समाजवादी र हमास समर्थक वामपन्थीहरू'को मिश्रण भएको बताए ।

तर प्रदर्शनकारीहरूले ती आरोपलाई हास्यात्मक रूपमा खारेज गरे । वासिङ्टनमा सहभागी ६३ वर्षीया पाओलोले भनिन्, 'यदि यो घृणा हो भने ती आलोचकहरूलाई फेरि विद्यालय फर्किनुपर्छ ।' अर्का प्रदर्शनकारी ३४ वर्षीय सफ्टवेयर इञ्जिनियर टोनीले भने, 'हामीमाथि दक्षिणपन्थीहरूले घृणा गर्छन्, तर हामी सत्यको पक्षमा अडिएका छौं ।'

अमेरिकन सिभिल लिबर्टिज युनियनकी डेरड्रे सिफेलिङका अनुसार प्रदर्शनकारीहरूको मुख्य सन्देश 'हामी समानता र कानुनको देश हौं' भन्ने थियो । उनले भनिन्, 'हामी सबैका लागि न्याय, प्रक्रिया र लोकतन्त्रमा विश्वास गर्छौं । हामी चुप लाग्ने छैनौं ।'

अविभाज्य परियोजनाका सहसंस्थापक लेह ग्रिनबर्गले ट्रम्प प्रशासनले डेमोक्रेटिक नेतृत्व भएका सहरहरू- लस एन्जलस, वासिङ्टन, शिकागो, पोर्टल्याण्ड र मेम्फिसमा नेसनल गार्ड पठाउने प्रयासको कडा आलोचना गरे । उनका शब्दमा, 'यो धम्की, भ्रम र डरद्वारा नागरिकहरूलाई मौन पार्ने अधिनायकवादी शासनको पुरानो रणनीति हो ।'

अमेरिकी क्यापिटल अगाडि बोल्दै प्रगतिशील सिनेटर बर्नी स्याण्डर्सले ट्रम्प शासनले लोकतन्त्रमा गम्भीर खतरा उत्पन्न गरिरहेको चेतावनी दिए । उनले भने, 'हामीसँग यस्तो राष्ट्रपति छन् जसले सबै शक्ति आफ्नो र आफ्नो निकट वर्गको हातमा केन्द्रित गर्न खोजिरहेका छन् ।' १६ वर्षीय विद्यार्थी आइज्याक हार्डरले भने, 'हाम्रो पुस्ताको भविष्य अन्धकारमय देखिन्छ । यो फासिस्ट बाटो हो र यसलाई रोक्नका लागि म आफ्नो हिस्साको योगदान गर्न चाहन्छु ।' *रासस⁄एएफपी*


## ग्रामथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
तेतरीया, मोरङ, कोसी प्रदेश नेपाल



## हार्दिक शुभकामना

नेपालीहरूको महान् चाड शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस गाउँवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरूमा सुख, शान्ति, समृद्धि छाओस, लक्ष्मीले बास गरुन् विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सू-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### गाउँबासीहरूमा जनहितमा जारी सन्देश

- चाडपर्वको बेलामा सामाजिक सुधारको काममा अग्रसर बनौं । गाउँटोल सरसफाईमा विशेष ध्यान दिऔं । रचनात्मक कार्यका लागि सहकार्य गरौं ।
- चाडपर्वको खुसीयालीमा वृक्षारोपणलगायतका रचनात्मक कार्यमा अग्रसर बनौं । सामाजिक सुधारका लागि समुदायमा बसेर छलफल गरौं ।
- चाडपर्वको बेलामा अभावमा रहेकालाई सहयोग गरौं । पुण्यको काम गरौं र सकारात्मक कार्यमा अग्रसर बनौं।
- चाडपर्वका नाममा विकृतिविरुद्ध अघि सरौं । देउसीभैलो कार्यक्रमलाई व्यवस्थित तरिकाले संचालन गरौं ।
- चाडपर्वको मेसोमा जुवातास नखेलौं । गैरकानुनी रूपमा हुने गरेका जुवातास नियन्त्रणका लागि नजिकको प्रहरीलाई खबर गरौं ।
- मादक पदार्थरहित चाडपर्वमा रमाऔं । चाडपर्वको बेलामा खानपानमा विशेष ख्याल गरौं ।
- चाडपर्वको बेलामा अनावश्यक फजुल खर्च नगरौं । मितव्ययी बनौं र गच्छेअनुसारको खर्च गरौं ।
- शुभ दीपावली र छठ पर्वको बेला विस्फोटक पदार्थ (आतिसबाजी) को प्रयोग नगरौं । यसले भौतिकसहित मानविय नोक्सानी गर्छ ।
- तिहारको समयमा सरसफाईमा आफै जागरुक बनौ । छठ पर्वको समयमा नजिकका खोलानदी सफा र सुन्दर पारौं ।
- समुदायलाई स्थायी रूपमा यस्ता संरचनाको सुधारका लागि अभिप्रेरित गरौं ।
- पटकाजन्य पदार्थबाट बालबालिकालाई टाढै राखौं । आगलागी, अंगभंगलगायतका घटना हुन सक्ने भएकाले सावधानी अपनाऔं ।
- पर्व मनाउने नाममा अरुलाई हानी हुने कुनै काम नगरौं । देउसीभैलोका नाममा अनावश्यक रकम माग गरेर त्रास नफैलाऔं ।
- चाडवाडका बेलामा बजारमा अखाद्य वस्तु धेरै देखिन्छन् । सामान खरिद गर्दा ख्याल गरौं र गुणस्तरहीन सामानबारे सरोकारवाला निकायमा खबर गरौं । स्वस्थ्य माछामासुको प्रयोग गरौं ।
- चाडपर्वको बेलामा दुर्घटना बढ्न सक्छ । ट्राफिक नियमको पालना गरौं । क्षमताभन्दा बढी यात्रा नगरौं । चाडपर्वको बेलामा घरबाट टाढा नजाऔं । आफ्नो सम्पतिको सुरक्षा गरौं ।
- चोरीलगायतका अपराध बढिरहेकाले आफै सचेत बनौं र, समुदायलाई सचेत बनाउन सहयोग गरौं । सांस्कृतिक पर्वहरु हाम्रा धरोहर र परम्परा हुन । यसको सही तरिकाले जगार्न र संरक्षण गरौं ।

**श्री नमो नाराणया माझी**
अध्यक्ष

**श्री गुणावती देवी थारु**
उपाध्यक्ष


# Invitation for Bids

## Nechasalyan Rural Municipality

*Invitation for Bids for the* **Bihibare Bazar Management**

Contract Identification No: **NCB/WORKS/NSRM/01/2082-083**

**Date of publication: 2082/07/03 (2025-10-20)**

1. **Nechasalyan Rural Municipality** invites Electronic bids from Nepalese eligible bidders for the **Bihibare Bazar Management Nechasalyan-03, Solukhumbu** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***1,15,36,435.79 with VAT and PS***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Nechasalyan Rural Municipality office, nechasalyan345@gmail.com, 9851359001*** Or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Rastriya Banijjya Bank

   Name of Office: Nechasalyan Rural Municipality

   Office Code no. :

   Office Account no.: 2520100301010002 (for Bid document purchase)

   Rajaswa (revenue) Shirshak no. : 14229

   Information to deposited the bid security amount in dharauti khata (2520100303000002)
4. Pre-bid meeting shall be held at ***Nechasalyan Rural Municipality Office*** at ***2082-07-21 on 4:00PM***
5. Electronic bids must be submitted to the office ***Nechasalyan Rural Municipality*** through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on ***2082-08-03***. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00PM 2082-08-03*** at the office of Nechasalyan Rural Municipality. Bids must be valid for 30days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NPR. 334558.32** ***Exclusive VAT***, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.***120 days***)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| Invitation For Bids | Description of Works | Minimum Bid Security Amount | Estimated amount with VAT and PS | Bid Document Price |
|---|---|---|---|---|
| NCB/WORKS NSRM/01/2082-083 | PROCUREMENT OF BIHIBARE BAZAR MANAGEMENT NECHASALYAN R.M-3 | NRs. 3,34,558.32/- (Three lakhs thirty four thousand five hundred fifty eight rupees and thirty two paissa only ) | NRs.1,15,36,435.79/- (One crore fifteen lakhs thirty six thousand four hundred thirty five rupees and seventy paissa only) | NRs. 3,000/- (Three thousands) only |

**Nechasalyan Rural Municipality**
**Chief Administrative Officer**


## साउदीमा रोजगार

कम्पनी : rukan adwa al-belad

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332397 | चलानी नं. ६०२४६३२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1000 | ३७,६०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KAAF LOGISTICS CO. LTD.

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 331313 | चलानी नं. ६०२४६३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD LABOUR | 1 | 0 | 1200 | ४५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (10th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

International Trade Links Nepal Pvt. Ltd. Govt. License No. 706/064/065
INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com

## साउदीमा रोजगार

कम्पनी : BEST GULF OVERSEAS COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८२/०७/०३ | LT. No. 332691 | चलानी नं. ६०२४६३७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 4 | 0 | 1000 | ३७,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

## मलेसियामा रोजगार

कम्पनी : SHASS SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 332565 | चलानी नं. ६०२४६३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 45 | 0 | 1700 | ५६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


trust INTL OVERSEAS
TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.
Govt. License 1521/074/075
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com

## कुवेतमा रोजगार

कम्पनी : FIRST UNITED ELECTRICAL AND MECHANICAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/०२ | LT. No. 327625 | चलानी नं. ६०२४१४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 20 | 0 | 130 | ५५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १० गते (27th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा रोजगार

कम्पनी : EASTERN MODEL INDUSTRIAL COMPANY — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 332051 | चलानी नं.६०२४६३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३७,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HOLT RESTAURANT FOR PROVIDING MEALS — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ | LT. No. 332100 | चलानी नं.६०२४६३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३७,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ESTABLISHMENT ABDULLAH YOUSEF ALQIFARI — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 332503 | चलानी नं.६०२४६३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanic | 1 | 0 | 1200 | ४५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAW THROW CATERING COMPANY — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 332272 | चलानी नं.६०२४६३५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1200 | ४५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ESTABLISHMENT IKHTISARAT ALGHARBIYYA — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 332273 | चलानी नं.६०२४६३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Service Agent | 2 | 0 | 1200 | ४५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १२ गते (29th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २५३२०० | प्रति तोला – ० | प्रति तोला – ३२७५ |



**प्याराग्लाइडिङको मज्जा** | कास्कीको पोखरा महानगरपालिका–६ जरेवरबाट देखिएको सराङकोट आसपास क्षेत्रमा उड्दै गरेका प्याराग्लाइडर ।
*तस्बिरः राधिका कँडेल/रासस*

रूग्ण ठेक्का धमाधम तोडिँदै

# थप ५० ठेक्का तोड्न थालियो प्रक्रिया

■ प्रभाव संवाददाता

**काठमाडौं–** सडक र पुल निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका थप ५० रुग्ण ठेक्का तोड्ने प्रक्रिया सुरु भएको छ। सडक विभागअन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्ग, संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, इटहरी, जनकपुर, पोखरा र सुर्खेतमातहतका सडक डिभिजन कार्यालयले रुग्ण अवस्थामा रहेका ५० वटा ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएका छन् । शुक्रबार १७ र शनिबार एक रुग्ण ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको थियो ।

सडक डिभिजन कार्यालय जनकपुरले २१, काठमाडौंले सात, ओखलढुंगा तथा अछाम डिभिजनले पाँच-पाँच, पाल्पा तथा दमौलीले चार-चार र धनकुटा, पोखरा, मध्यपहाडी तथा गोरखा सडक योजनाले एक-एक गरी ५० वटा ठेक्का किन नतोड्ने ? भन्दै आइतबार सार्वजनिक सूचना जारी गरेका छन् ।

सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए । सडकअन्तर्गत २५८ ठेक्का रुग्ण छन् ।

> सडक विभागअन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्ग, संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, इटहरी, जनकपुर, पोखरा र सुर्खेतमातहतका सडक डिभिजन कार्यालयले रूग्ण अवस्थामा रहेका ५० वटा ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाए

ठेक्का तथा योजनाको पटक-पटक म्याद थप भई तोकिएको अवधिमासमेत निर्माण कार्य सम्पन्न गर्नेतर्फ चासो नदेखाइ निर्माण अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिकरूपमा उपस्थित नभएर आधारभूत रूपमा ठेक्का उल्लंघन गरेको उल्लेख गरिएको छ ।

विभिन्न मितिमा लिखित तथा मौखिकरूपमा कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदासमेत निर्माण व्यवसायीबाट निर्माण सम्पन्नतर्फ कुनै चासो नदेखाई ठेक्का सम्झौता उल्लंघन गरिएको जनाइएको छ ।

सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका, स्रोत साधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ ।

उक्त अवधिमा काम सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेश्की जमानत जफत र पेश्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकीसरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ ।

# पर्वतमा नेपालकै अग्लो ‘हाइलाइन’को सफल परीक्षण



**पर्वत–** साहसिक पर्यटकको प्रमुख गन्तव्यका रूपमा विकास हुँदै गएको पर्वतमा नेपालकै अग्लो स्थानमा ‘हाइलाइन’को सफल परीक्षण गरिएको छ ।

जिल्ला सदरमुकाम कुश्माबजार र छिमेकी जिल्ला बागलुङको बलेवा जोड्ने गरी ‘द क्लिफ’ले सञ्चालन गरेको विश्वकै अग्लो बञ्जी पुल र ‘द हार्नेस’ प्रालिले सञ्चालन गरेको विश्वकै लामो ‘सुपरम्यान’ शैलीको जिपलाइनलाई जोडेर मुदुकमा पहिलोपटक अग्लो र लामो दूरीमा हाइलाइनको अभ्यास गरिएको हो ।

हाइलाइन मानसिक तथा शारीरिक शक्ति परीक्षण गर्ने अत्यन्त रोमाञ्चक खेलका रूपमा मानिन्छ । कालीगण्डकी खोँचमा ४०८ मिटर लामो र २२८ मिटरको उचाइमा पहिलोपटक हाइलाइनको परीक्षण सफल भएको द क्लिफका अध्यक्ष राजु कार्कीले जानकारी दिए ।

हाल जर्मनीमा बसोबास गर्दै आएका धनकुटाको हिलेका शंकर कोइरालाले लामो समयदेखिको गहन योजनाका रूपमा यो कार्यक्रम गरेका हुन् । कोइरालाले १५ वर्षदेखि युरोपका विभिन्न ठाउँमा हाइलाइन गर्दै आएको बताउँदै लामो प्रयासपछि पर्वतमा पनि यो सम्भव भएको उल्लेख गरे ।

साहसिक पर्यटन प्रवर्द्धनको उद्देश्यले कोइरालाको संयोजनमा नेपालमा हाइलाइनको यस्तो प्रयास हुनु पर्यटकका लागि नयाँ खेलका रूपमा स्थापित हुने क्लिफका अध्यक्ष कार्कीले विश्वास व्यक्त गरे ।

पहिलोपटक गरिएको हाइलाइनको क्रु सदस्यमा कोइरालासहित तीन जना नेपाली र तीन विदेशी छन् । गत असोज २९ गतेदेखि सुरु भएको हाइलाइन कार्यक्रम शनिबार सकिएको छ । नेपाल स्ल्याकलाइन कम्युनिटी र लोकप्रिय एड्भेन्चर हब ‘द क्लिफ’को सहकार्यमा यो हाइलाइन आयोजना गरिएको हो । क्लिफका अध्यक्ष कार्कीका अनुसार नेपालमा पहिलोपटक यति उचाइमा हाइलाइन गरिएको हो । ‘यसले साहसिक पर्यटनमा नयाँ सम्भावनाका ढोका खोल्ने अपेक्षा गरिएको छ,’ उनले भने ।

नेपाल स्ल्याकलाइन कम्युनिटीका सदस्यको अनुभव र युरोपेली प्रशिक्षकको सहयोगमा यो परियोजना अघि बढाइएको कोइरालाले बताए । उनका अनुसार खेल हेर्दा डरलाग्दो देखिए पनि पूर्णरूपमा सुरक्षा मापदण्ड अपनाइएको थियो । ‘हाइलाइन २० मिटरबाट सयौं मिटर उचाइमा तानिएको लाइनमा सेफ्टी हार्नेस र लिस प्रणालीसहित हिँड्ने साहसिक खेल हो । सन्तुलनका लागि गहिरो ध्यान, स्थिर नजर र श्वास नियन्त्रण अत्यावश्यक हुन्छ,’ उनले भने ।

वर्षायाम सकिएसँगै पर्वतमा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्न थालेको छ । सोही अवसरमा गरिएको हाइलाइन हेर्न पनि सयौं पर्यटक सहभागी भएका थिए । यसबाहेक जिपनलाइन, बञ्जी, स्वीङ, स्काइसाइक्लिङ, मेगाट्रोल, पिङ, रक क्लाइम्बिङ, र्‍याफ्टिङका लागि पर्यटकको आकर्षण बढ्दै गएको छ । *रासस*

# ज्येष्ठ नागरिकलाई हवाई टिकटमा ८० प्रतिशतसम्म छुट

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई यात्रा गर्ने ज्येष्ठ नागरिकका लागि ८० प्रतिशतसम्म छुटको व्यवस्था गरेको छ । आइतबार प्राधिकरणमा सम्पन्न बैठकले ७० वर्ष र सोभन्दा माथिका नागरिकलाई हवाई टिकटमा ५० देखि ८० प्रतिशतसम्मको छुट प्रदान गर्ने निर्णय गरेको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक एवं इन्जिनियर प्रदीप अधिकारीको अध्यक्षतामा वायुसेवा सञ्चालक संघका अध्यक्ष र नेपालका आन्तरिक वायुसेवा सञ्चालक कम्पनीका प्रतिनिधिबीच भएको बैठकले उक्त निर्णय गरेको हो । बैठकले ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई संघीय सरकारद्वारा तोकिएको अधिकतम् हवाई भाडादरमा सम्पूर्ण आन्तरिक हवाइमार्गमा ५० प्रतिशत छुट प्रदान गर्ने निर्णय गरेको महानिर्देशक अधिकारीले जानकारी दिए ।

उनका अनुसार ७५ वर्षभन्दा माथिका नागरिकलाई ७० प्रतिशत र ८० वर्षभन्दा माथिका नागरिकलाई ८० प्रतिशतसम्म छुट प्रदान गरिने छ । जुनसुकै उमेर समूहका फरक क्षमता भएका यात्रुको हकमा कम्तीमा ५० प्रतिशत छुट सुनिश्चित गर्ने निर्णय गरिएको उनले बताए ।

आइतबार गरिएको उक्त निर्णयले हवाई यात्रामा समावेशीता र पहुँचको प्रत्याभूति गर्ने विश्वास गरिएको महानिर्देशक अधिकारीले उल्लेख गरे। उनका अनुसार बैठकमा सहभागी वायुसेवा कम्पनीलाई उक्त निर्णयहरू आजैदेखि लागू गर्न निर्देशन दिइएको छ। सोहीअनुसार सम्बन्धित सबै आन्तरिक वायुसेवा कम्पनीले तत्काल निर्णय कार्यान्वयनमा लैजानुपर्ने प्राधिकरणले जनाएको छ।

यस योजनाले ज्येष्ठ नागरिकको हवाई यात्रालाई सहज, सुलभ र किफायती बनाउने विश्वास प्राधिकरणले लिएको छ। विशेषगरी दुर्गम भेगमा रहेका ज्येष्ठ नागरिकका लागि यो निर्णय प्रभावकारी हुने महानिर्देशक अधिकारीले विश्वास व्यक्त गरे ।

उनले भने, ‘नेपाल नागरिक उड्डयन प्राधिकरणले ज्येष्ठ नागरिक, फरक क्षमता भएका नागरिक तथा अन्य यात्रुको हितमा आगामी दिनमा अझ धेरै जनमुखी नीति कार्यान्वयन गर्दै लैजाने छ ।’

# पूर्वाधार पुनर्निर्माण कोषमा छ करोड संकलन

**काठमाडौं (प्रस)–** गत भदौ २३ र २४ गतेको जेन-जी प्रदर्शनका क्रममा आगजनी र तोडफोडबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि सरकारले स्थापना गरेको ‘भौतिक पूर्वाधार पुनर्निर्माण कोष’मा आइतबारसम्म छ करोड १० लाख रूपैयाँ संकलन भएको छ । अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार आइतबार बिहानसम्म कोषमा छ करोड १० लाख रूपैयाँ संकलन भएको हो ।

जेन-जी प्रदर्शनका क्रममा क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि सरकारले उक्त कोष स्थापना गरेको थियो । कोषमा योगदानका लागि सरकारले सर्वसाधारण नागरिक, निजी क्षेत्र, गैरआवासीय नेपाली, विकास साझेदार, विभिन्न संघसंस्थालगायत दातृ निकायलाई आग्रह गरेको थियो । पुनर्निर्माण कोषमा गरिने आर्थिक सहायता रकम योगदानकर्ताको चालु आर्थिक वर्षको करयोग्य आय गणना गर्दा घटाउन वा खर्च कट्टी गर्न पाइने सुविधा सरकारले दिएको छ।

पुनर्निर्माणका कोषका लागि राष्ट्रिय वाणिज्य बैंक सिंहदरबार शाखामा खाता खोलिएको छ । योगदानकर्ताले कोषको खाता नम्बर १९६०१००१०२०७०००४ मा सहायता रकम जम्मा गर्न सक्ने छन् । कोषका योगदानकर्ताको विवरण शीघ्र सार्वजनिक गर्ने तयारी रहेको अर्थ मन्त्रालयले जानकारी दिएको छ ।

# डेढ महिनामा सात हजार पर्यटक भित्रिए

**मनाङ–** मनसुन सकिएपछि यतिबेला हिमाली जिल्ला मनाङको मौसम खुलेको छ । मौसम खुल्ने समयको सुरुआतसँगै यहाँ विदेशी पर्यटकको आगमन हुने गर्दछ । यस मौसमलाई पर्यटक आउने यामका रूपमा पनि लिइन्छ ।

यस वर्षको याम सुरुआतसँगै पहिलो अर्थात् डेढ महिनामा सात हजार बढी पर्यटकको आगमन भएको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) एकाइ कार्यालयले जानकारी दिएको छ । डेढ महिनामा सात हजार ४६१ पर्यटकको आगमन भएको एक्यापका संरक्षण शिक्षा सहायक भूपेन्द्र गुरुङले जानकारी दिए । उनका अनुसार याम सुरु भएपछि इजरायलका एक हजार १२७, जर्मनीका ५०१, बेलायतका ४६६ र अस्ट्रेलियाका ४४१ जनाले मनाङअन्तर्गत अन्नपूर्ण पदमार्ग, थोराङ्ला भञ्ज्याङ (पास), लार्के भञ्ज्याङ (पास), तिलिचो तालको भ्रमण गरेका छन् ।

‘ती देशसँगै विश्वका ८७ देशका नागरिकले मनाङका रमणीय स्थानको भ्रमण गरेका छन् । निराश भएका मनाङवासीका साथै देशकै अर्थतन्त्रले गति लिने अपेक्षा गरिएको छ,’ संरक्षण शिक्षा सहायक गुरुङले भने ।

जेन-जी आन्दोलन र मनसुनको अन्त्यमा बाढीपहिरोका कारण पर्यटकको आगमनमा समस्या भएकामा अहिले चहलपहल हुन थालेको पर्यटन व्यवसायी संघका अध्यक्ष विनोद गुरुङले बताए । उनले भने, ‘मनाङको आयस्तरले देशकै अर्थतन्त्रमा प्रभाव पार्ने गर्छ । जेन-जी आन्दोलनले विदेशी पर्यटकले बुकिङ गरेका होटल पनि फिर्ता लिइरहेका थिए । अहिले देशमा शान्ति कायम हुँदै गएपछि आगमन बढ्दै गएको छ ।’

जेन-जी आन्दोलनपछि सुनसान बनेको मनाङमा विदेशी तथा स्वदेशी पर्यटकको चहलपहल बढेको छ । मनसुन सकिएपछि पर्यटकको आगमन बढ्नुपर्ने यहाँ मनसुन अन्त्यमा सक्रिय भएर ठूलो धनजनको क्षति हुँदा पर्यटन व्यवासय पनि सुस्ताएकामा अहिले पर्यटन व्यवसायमा अपेक्षाकृत बन्ने व्यावसायीको भनाइ छ ।

बुकिङ रद्द गरिएका होटल अहिले भरिन थालेका होटल व्यवसायी नवीनविक्रम सिंहले बताए । उनले भने, ‘जति पर्यटकको आगमन हुनुपर्ने हो त्यति भएको छैन । तर अहिले केही मात्रामा विदेशी पर्यटकको आगमनचाहिँ भएको छ ।’ विशेषगरी देशकै ठूलो मानिएको हिल्टन होटल जलाइएपछि पर्यटक बढी त्रसित भएको हुनसक्ने पर्यटन तथा होटल व्यवसायीको अनुमान रहको उनको भनाइ छ ।

यस समयमा मनाङका सडक तथा पदमार्गमा पर्यटक प्रशस्त देखिन्थे । तर यस वर्ष त्यति छैनन् । पूर्णरूपमा पर्यटकको आगमन पनि हुनसकेको छैन । देशको अर्थतन्त्रलाई प्रभाव पार्ने मनाङको पदमार्गको यात्रा तथा सडक सहज बनाउन तीनै तहको सरकारको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । अहिले नेपाली नागरिकमा पनि भ्रमणमा निस्कने प्रचलन बढ्दै गएको पाइन्छ । जोखिमयुक्त भ्रमण गर्ने र ग्रामीण पर्यटनको प्रवर्द्धनमा जोडिएको पाइएको छ । यसले पनि स्वदेशी पर्यटन प्रवर्द्धन भइरहेको छ ।

विदेशी पर्यटक विशेषगरी यहाँको मानवीय जिन्दगीको आभास गर्न र मौलिक संस्कृतिका साथै प्राकृतिक सौन्दर्यतामा रमाउन आउने गरेका पाइन्छन् । प्रविधिको युगमा वास्तविक प्राकृतिक मानवीय जीवनको महसुस गर्न आउने गरेका छन् । हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आगमन हुने गर्दछ । साथै विश्वकै १०औं स्थानमा पर्ने जोखिमयुक्त पदमार्गमध्येको अन्नपूर्ण पदमार्गमार्फत पर्यटक मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङहुँदै पोखरा पुग्ने गर्दछन् ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरुआत हुन्छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की जिल्ला जोडिएका छन् । काठमाडौंदेखि बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् । पछिल्लो समय सडक यातायात सहज भएपछि सवारीसाधनमा नै चामे, खाङ्सारसम्म सवारीसाधनमा नै पुग्ने गरेको पाइन्छ । त्यसपछि मात्र मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा गर्ने गरेको भेटिन्छ । *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ